प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक २०२ | काठमाडौं | शुक्रबार, ११ मंसिर २०८३ | Prabhab National Daily | Friday, 27 November 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

प्रधानमन्त्री-रास्वपा सभापतिबीच भेटवार्ता

प्रधानमन्त्रीको शासन शैलीप्रति सभापति लामिछानेको असन्तुष्टि

- प्रधानमन्त्री शाहसँग सभापति लामिछानेको सम्बन्ध राम्रो नरहेको भन्ने सन्देश बाहिर गएकोले त्यसको हल हुनेगरी शैली बदल्न सभापति लामिछानेको आग्रह
- सरकारको कार्यसम्पादनमा सुधार गर्नुपर्ने, कार्यसम्पादनलाई अझै व्यवस्थित गर्न र गतिशील तुल्याउन सुझाव
- अध्यादेशबाट सरकार चल्न थालेपछि संसद् अधिवेशन चाँडै बोलाउने विषयमा तयारी गर्न लामिछानेको सुझाव



■ प्रभाव संवाददाता

काठमाडौं– प्रधानमन्त्री बालेन्द्र शाहले आफ्नो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेसँग भेटेका छन् । प्रधानमन्त्री शाह बिहीबार दिउँसो १ बजे सभापति लामिछाने भेट्न बूढानीलकण्ठ पुगे ।

भारत भ्रमण सकेर फर्किएको तीन दिनपछि प्रधानमन्त्री शाह लामिछाने निवास बूढानीलकण्ठ पुगेका हुन् । भेटमा पाँच घण्टा कुराकानी भएको रास्वपा प्रवक्ता जगदीश खरेलले बताए ।

भेटमा आउँदो स्थानीय तह निर्वाचनको तयारी, पार्टीले सुरु गर्न लागेको प्रशिक्षण अभियान, मन्त्री र सरकारका कामकारबाही तथा अध्यादेश र आगामी संसद् अधिवेशनका बारेमा पनि कुराकानी भएको प्रवक्ता खरेलले बताए । 'भेटमा विशेषगरी प्रधानमन्त्रीको भारत भ्रमण, पार्टीका आन्तरिक विषय, पार्टीले सुरु गर्न लागेको प्रशिक्षण कार्यक्रम, संसद्को आगामी अधिवेशन र सरकारले ल्याउन लागेको अध्यादेशका विषयमा कुराकानी केन्द्रित भएको थियो,' प्रवक्ता खरेलले भने ।

प्रधानमन्त्री र पार्टी सभापतिबीच सौहार्द्रपूर्ण भएको खरेलको दाबी थियो । प्रधानमन्त्री शाहले भारत भ्रमण उपलब्धिमूलक बनेको रिपोर्ट सभापति लामिछानेलाई दिएको रास्वपाका नेताहरू बताउँछन् । लामिछानेले पारवहन, हवाई रूटलगायतका विषयमा नयाँ समझदारी जुटेको सन्दर्भ उल्लेख गर्दै भ्रमण सफल भएको जवाफ दिएका थिए ।

यद्यपि लामिछानेले सरकारको शासनशैलीप्रति असन्तुष्टि जनाएको लामिछानेको सचिवालयले जनायो । भेटमा पार्टीभित्रको टकरावको विषय बाहिर चलेको टिकाटिप्पणीबारे पनि छलफल भएको थियो । पछिल्लो समय पार्टी सभापति लामिछाने र प्रधानमन्त्री शाहबीच प्रहरीको आइजिपी परिवर्तन, अदालतको कामकारबाहीलाई लिएर टकराव बढेको चर्चा भेटमा विशेषगरी प्रधानमन्त्रीको भारत भ्रमण, पार्टीका आन्तरिक विषय, पार्टीले सुरू गर्न लागेको प्रशिक्षण कार्यक्रम, संसद्को आगामी अधिवेशन र सरकारले ल्याउन लागेको अध्यादेशका विषयमा कुराकानी केन्द्रित भएको थियो ।

■ जगदीश खरेल
प्रवक्ता, रास्वपा

सरकारको कार्यसम्पादनमा सुधार गर्नुपर्ने ठाउँ छन् । त्यसलाई मिलाएर लैजान, कार्यसम्पादनलाई अझै व्यवस्थित गर्न र गतिशील तुल्याउन सभापतिले सुझाव दिनुभएको छ ।

■ सभापति लामिछानेको सचिवालय

छ । सरकारको नेतृत्व गरिरहेका शाहले पार्टीसँग कुनै राय नलिने र कुनै जानकारी नदिई काम गर्ने आरोप रास्वपाकै सांसदहरूले लगाउँदै आएका छन् ।

क्रमशः पृष्ठ २ मा

मलेसिया ठगी प्रकरण

पूर्वश्रममन्त्रीद्वय भण्डारी र अर्याललाई 'उन्मुक्ति'

- विदेशी नोट सटहीका लागि पत्रचार गरेकामध्ये पूर्वश्रममन्त्री तथा हालका सभामुख डोलप्रसाद अर्याल र पूर्वश्रममन्त्री शरतसिंह भण्डारी अनुसन्धानको दायरा बाहिर
- अर्याल विगतमा रास्वपा उपसभापति र भण्डारी ऊर्जामन्त्री विराजभक्त श्रेष्ठका ससुरा हुन्, दुवै जोगिए
- भण्डारी र अर्यालकै जस्तो कसुरमा पूर्वश्रममन्त्री रामेश्वर राय यादव र शेरबहादुर कुँवर हिरासतमा

■ जेबी योञ्जन

काठमाडौं– एक अर्ब ६९ करोड रूपैयाँ श्रमिकबाट असुलेर मलेसिया पठाइएको प्रकरणमा गायब पारिएको सक्कल फाइल श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)लाई बुझाएको छ । मन्त्रालयले बिहीबार सक्कल फाइल बुझाएको हो । फाइलमा तत्कालीन श्रमसचिव एकनारायण अर्याल, विनोद केसी र तत्कालीन श्रममन्त्री रामेश्वर राय यादवको कार्यकालका निर्णयसम्बन्धी विवरण रहेको सिआइबी स्रोतले जनायो ।

फाइल भेटिएसँगै रकम विदेश पठाउन दिइएको स्वीकृति, मन्त्रीस्तरीय निर्णय र त्यसमा संलग्न अधिकारीहरूको भूमिकाबारे अनुसन्धान अघि बढाउन सिआइबीलाई आधार प्राप्त भएको छ ।

यसअघि फाइल गायब भएपछि अनुसन्धानमा अवरोध भएको थियो । सिआइबीले फाइल माग्दै पटक-पटक पत्राचार गरेको थियो । तर, मन्त्रालयले दिएको थिएन । त्यसपछि श्रममन्त्री रामजी यादवले यही २ मंसिरमा उपसचिव



पूर्वमुख्यसचिव अर्याल पक्राउ



काठमाडौं (प्रस)– मलेसियामा वैदेशिक रोजगारीका लागि नेपाली कामदार पठाउने क्रममा अवैधरूपमा रकम संकलन गरी उक्त रकम मलेसिया पठाएको आरोपमा पूर्वमुख्यसचिव एकनारायण अर्याल पक्राउ परेका छन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका तत्कालीन सचिवसमेत रहेका अर्याललाई प्रहरीले मोरङस्थित नेपाल-भारत सीमा क्षेत्रबाट पक्राउ गरेको हो । केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) का प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक अनुपशमशेर जबराले अर्याल पक्राउ परेको पुष्टि गर्दै उनीमाथि थप अनुसन्धान भइरहेको जानकारी दिए ।

मलेसियामा कामदार पठाउने प्रक्रियामा अवैधरूपमा रकम संकलन तथा कारोबार भएको आरोपमा प्रहरीले यसअघि पनि विभिन्न उच्च पदस्थ सरकारी अधिकारी र अन्य व्यक्तिलाई पक्राउ गरिसकेको छ । प्रहरीले यस प्रकरणमा संलग्नता र आर्थिक कारोबारका विभिन्न पक्षमाथि अनुसन्धान गरिरहेको जनाएको छ ।



फरक मत राख्ने व्यक्तिलाई मात्रै छानेर कारबाही गर्नु सुशासन होइन, यो निर्देशित छानबिन र राजनीतिक प्रतिशोध हो ।

■ वर्षमान पुन
नेता, नेकपा



छ-सात जना श्रममन्त्री यता हेर्ने हो भने सबै श्रममन्त्रीले विदेशी मुद्रा सटहीका लागि राष्ट्र बैंकमा पत्राचार भएको देखिन्छ तर सत्तानिकट पक्राउ नपर्ने र बाँकी पक्राउ पर्ने जे देखियो, यो गलत छ । कुनै पनि आपराधिक कसुरको अनुसन्धान गर्दा चयनात्मक सिद्धान्तको आधारमा गर्नु बदमासी हो ।

■ खडकबहादुर बुढाब
सांसद, नेपाली कांग्रेस

उपेन्द्र पौडेलको नेतृत्वमा तीन सदस्यीय कार्यदल गठन गरेका थिए ।

कार्यदलले मन्त्रालयका विभिन्न शाखामा रहेका अभिलेख र पुराना निर्णयका कागजात खोजी गरेको थियो । त्यसक्रममा सक्कल फाइल फेला परेको थियो । सोही फाइल मन्त्री र सचिवलाई बुझाइएको थियो । बिहीबार भने उक्त फाइल सिआइबीलाई हस्तान्तरण गरिएको श्रम मन्त्रालयका सहायक प्रवक्ता जगदीश पराजुलीले बताए ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

मलेसियाको श्रम स्वीकृति नपाएको व्यवसायीको गुनासो, विभाग भन्छ- समस्या छैन

■ ममता थापा

काठमाडौं– वैदेशिक रोजगार व्यवसायीहरूले मलेसियाको पूर्व र अन्तिम श्रम स्वीकृति नपाएको गुनासो गरेका छन् । वैदेशिक रोजगार विभागले हाल मलेसियाको फरेन वर्कर्स सेन्ट्रलाइज्ड म्यानेजमेण्ट सिस्टम (एफडब्ल्युसिएमएस)मा सूचीकृत २५ मुख्य एजेन्सी र २५० सहायक एजेन्सीको पूर्वस्वीकृति रोक्का गरिदिएको छ । तर केही दिनयता उक्त सूचीमा नरहेका व्यवसायीलेसमेत श्रम स्वीकृति लिन नपाएको गुनासो गरेका छन् ।

गत मंगलबार व्यवसायीहरूले श्रमिकको पूर्व र अन्तिम श्रम स्वीकृति नपाएको बताएका थिए । तर नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र विभागबीच भएको छलफलपछि बुधबारदेखि उक्त प्रक्रिया पुनः सञ्चालनमा आएको जनाइएको थियो । प्रक्रिया सुरु भएको भनिए पनि केही व्यवसायीले भने आफूहरूको काम नभएको भन्दै आक्रोश व्यक्त गरेका छन् ।

'एउटै कम्पनीको, एउटै टर्मस् एण्ड कण्डिसन भएको डिमाण्डमा अरू म्यानपावरको एप्रुभ गर्दा मेरो भएको छैन । सोमबारसम्म भएन भने अरूको हुँदा मेरो किन भएन भनेर ताहाचल



जान्छु,' नाम नखुलाउने सर्तमा एक व्यवसायीले भने ।

बिहीबार बेलुकी विभागमा सम्पर्क गर्दा त्यहाँका निर्देशकले अन्तिम स्वीकृति दिन थालिए पनि पूर्व 'होल्ड'मा रहेको जवाफ दिएको अर्का व्यवसायीले बताए । विभागको कारण आफूहरूले सबै प्रक्रिया पूरा गरेर ल्याएको माग गुमे को जिम्मेवार हुने भन्दै उनले प्रश्न गरे । 'भर्खरै कल गर्दा विभागको निर्देशकले पूर्वस्वीकृति होल्ड भएको बताउनुभएको छ । पूर्व होल्डमा राख्नुको कारण के हो ?,' ती व्यवसायीले प्रश्न गरे, 'मेडिकल बन्द छ भनेर होल्डमा राखेको भए दूतावासबाट किन पास गरेको ? व्यवसायीबाट डिमाण्ड गुमेको अवस्थामा यसको जिम्मा विभागको महानिर्देशकले लिने कि कसले लिने ?'

विभागले श्रम स्वीकृतिमा समस्या सिर्जना गर्दा रोजगारीमा जाने श्रमिक तथा व्यवसायी प्रभावित भएको जनाइएको छ । मलेसियाको विवादित प्रक्रियामा मुछिएका व्यवसायीको श्रम स्वीकृति रोक्नु ठिकै भए पनि अन्य व्यवसायीलाई विनाअवरोध काम गर्ने वातावरण बनाइनुपर्ने उनीहरूको माग छ ।

हाल २७५ व्यवसायीमाथि सरकारले अघि बढाएको कारवाहीका कारण मलेसियाको काम गर्न पाएका छैनन् । बाँकी ८२३ म्यानपावर व्यवसायीले भने नोभेम्बर ५ यता श्रमिकको स्वास्थ्य परीक्षण गर्न नपाउँदा नयाँ श्रमिक पठाउन पाएका छैनन् । मलेसियाको मेडिकल बन्द भएकाले श्रम स्वीकृति रोकिएको भन्ने जानकारी आफूले पाएको अर्का एक व्यवसायीले बताए । यस्तो अवस्थामा सरकारले श्रम स्वीकृति रोक्ने नभई रोकिएको मेडिकल खुलाउन पहल गर्नुपर्ने ती व्यवसायीको भनाइ छ ।

'मेडिकलको म्याद दुई महिनाको हुन्छ । विभागले पूर्व दिएपछि दुई महिनाअघि मेडिकल गरेर बसेका श्रमिकलाई पठाउन सकिन्छ,' उनले भने, 'त्यस्तै, केही दिनपछि मेडिकल खुल्यो भने अहिले पूर्व जारी भएकाहरू जान्छन् । सरकारले मेडिकल खुलाउन पहल गर्नुपर्ने हो व्यवसायीलाई दुःख दिने होइन ।'

क्रमशः पृष्ठ २ मा

> मेडिकल बन्द छ भनेर होल्डमा राखेको भए दूतावासबाट किन पास गरेको ? व्यवसायीबाट डिमाण्ड गुमेको अवस्थामा यसको जिम्मा विभागको महानिर्देशकले लिने कि कसले लिने ?
>
> ■ व्यवसायी

केही एजेन्सीहरु अनुसन्धानको प्रक्रियामा रहेकाले उहाँहरुको पूर्वस्वीकृति त्यसले गर्दा रोकिएको छ । बाँकी कुनै पनि व्यवसायीले समस्या आएको भन्नुभएको छैन ।

■ नवराज ढकाल
महानिर्देशक, वैदेशिक रोजगार विभाग

दोस्रो चरणको आन्दोलनमा पत्रकार महासंघ

रास्वपादेखि राप्रपासम्मका पार्टी कार्यालयमा धर्ना दिइने



■ प्रभाव संवाददाता

काठमाडौं– नेपाल पत्रकार महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र श्रमजीवी पत्रकारका हर्कहितका विभिन्न माग राख्दै दोस्रो चरणको आन्दोलनका कार्यक्रम घोषणा गरेको छ ।

महासंघका महासचिव रामप्रसाद दाहालद्वारा बिहीबार जारी विज्ञप्तिअनुसार पहिलो चरणको देशव्यापी आन्दोलनलाई सरकारले बेवास्ता गरेकाले थप दबाब सिर्जना गर्न तथा संघीय संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको ध्यानाकर्षण गराउन दोस्रो चरणको आन्दोलन तय गरिएको हो ।

महासंघले समाचार कक्षमै प्रहरी प्रवेश गरी पत्रकारमाथि गरिएको धरपकड, प्रेस स्वतन्त्रता नियन्त्रणको मनसाय राखी प्रेस काउन्सिल ऐनसम्बन्धी अध्यादेश...

क्रमशः पृष्ठ २ मा

धर्ना तथा प्रदर्शन कहाँ कहिले ?

मंसिर १३:	रास्वपाको कार्यालय
मंसिर १४:	नेपाली कांग्रेसको कार्यालय
मंसिर १५:	नेकपा एमालेको कार्यालय
मंसिर १६:	नेकपाको कार्यालय
मंसिर १७:	श्रम संस्कृति पार्टीको कार्यालय
मंसिर १८:	राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को कार्यालय
मंसिर २०:	कालो लुगा, कालो पट्टी र कालै मास्क लगाएर काठमाडौंको माइतीघर र बाहिरी जिल्लाका सदरमुकामहरुमा विरोध प्रदर्शन

पृष्ठ १ बाट क्रमशः

पूर्वश्रममन्त्रीद्वय...

यद्यपि, फाइल भेटिएर अनुसन्धान अघि बढ्ने अवस्था बने पनि यो प्रकरणमा सरकार र अनुसन्धान निकायको भूमिकामाथि अर्को गम्भीर प्रश्न उठेको छ। श्रमिकबाट रकम असुली गरी विदेश पठाउने प्रक्रिया विभिन्न श्रममन्त्रीको कार्यकालमा चलेको देखिए पनि पक्राउ र अनुसन्धानको दायरा सीमित व्यक्तिमामात्रै केन्द्रित भएको भन्दै आलोचना भइरहेको छ।

प्रतिपक्षी दल नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता वर्षमान पुनले छानबिनको दायरा राजनीतिक निकटताका आधारमा कायम गर्नु गलत भएको बताए । हालको सत्तारुढ रास्वपाबाट विगतमा श्रममन्त्री भएका र यतिबेला सभामुख रहेका डोलप्रसाद अर्याल र ऊर्जामन्त्री विराजभक्त श्रेष्ठका ससुरा रहेका पूर्वश्रममन्त्री शरतसिंह भण्डारीलाई पक्राउ नगरिएको र फरक विचार राख्ने दलका नेतालाई मात्रै पक्राउ गरेर राजनीतिक प्रतिशोध साँधेको आरोप लगाए ।

बिहीबार रोल्पामा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले भने, 'फरक मत राख्ने व्यक्तिलाई मात्रै छानेर कारबाही गर्नु सुशासन होइन, यो निर्देशित छानबिन र राजनीतिक प्रतिशोध हो ।' पुनले यस प्रकरणमा संलग्न सबै व्यक्तिमाथि निष्पक्ष छानबिन हुनुपर्नेमा जोड दिएका छन् ।

मलेसिया प्रकरणमा पूर्वश्रममन्त्री रामेश्वर राय यादव र शेरबहादुर कुँवर पक्राउ परेका छन् । तत्कालीन श्रमसचिव विनोद केसी, सहसचिव उमेश ढुंगाना र राजीव पोखरेल तथा तत्कालीन कानुन अधिकृत निर्मला गुरुङ पनि प्रहरी हिरासतमा छन् । यसअघि म्याक्रोटेक कम्पनीका सञ्चालक कैलाश खड् कासहित चार जना पक्राउ परेका थिए। अनुसन्धानकै क्रममा पूर्वमुख्यसचिव एकनारायण अर्याललाई समेत नियन्त्रणमा लिइएको छ ।

तर, यही प्रकरणमा श्रममन्त्रीको जिम्मेवारी सम्हालिसकेका वर्तमान सभामुख अर्याल र पूर्वमन्त्री भण्डारीमाथि भने पक्राउ गरेर अनुसन्धान अघि बढाइएको छैन । यही विषय अहिले राजनीतिक र सार्वजनिक बहसको केन्द्रमा आएको छ ।

सिआइबीको अनुसन्धानअनुसार मलेसिया जाने श्रमिकबाट स्वास्थ्य परीक्षणका नाममा अतिरिक्त रकम असुली गरी एक अर्ब ६९ करोड दुई लाख २४ हजार रूपैयाँ मलेसिया पठाइएको छ । उक्त रकम नेपाल राष्ट्र बैंकमा १६ पटक निवेदन दिएर १७ पटक टेलिग्राफिक ट्रान्सफर (टिटी) मार्फत पठाइएको अनुसन्धानमार्फत खुलेको छ। रकम लक्ष्मी सन्राइज बैंकको खाताबाट मलेसियास्थित वेस्टिनेट कम्पनीको मेलायन बैंकिङ बर्हाडमा पठाइएको थियो ।

यो कारोबारका क्रममा विभिन्न समयमा श्रम मन्त्रालयको नेतृत्व गरेका मन्त्रीहरूको भूमिका पनि अनुसन्धानको महत्त्वपूर्ण विषय हो । तत्कालीन श्रममन्त्री रामेश्वर राय यादव र शेरबहादुर कुँवरको कार्यकालमा मन्त्रीस्तरीय निर्णयबाट रकम विदेश पठाइएको सिआइबीको अनुसन्धानले देखाएको छ ।

तर, त्यसपछिका श्रममन्त्रीहरूको कार्यकालमा पनि रकम विदेश गएको विवरण सार्वजनिक भएको छ। पूर्वमन्त्री भण्डारी र तत्कालीन श्रममन्त्री डोलप्रसाद अर्यालको कार्यकालमा समेत विदेशी मुद्रा सटहीका लागि नेपाल राष्ट्र बैंकलाई पत्राचार भएको विवरण सार्वजनिक भएको छ। त्यसका बाबजुद उनीहरूमाथि अनुसन्धानको अवस्था र पक्राउ परेका व्यक्तिहरूको सूचीमा उनीहरू नदेखिनुले प्रश्न उठेको हो ।

कांग्रेस सांसद खडकबहादुर बुढा सरकारले मलेसिया प्रकरणमा चयनात्मक सिद्धान्तको आधारमा पक्राउ गर्ने र अनुसन्धान गर्ने गरेको बताउँछन् । 'छ-सात जना श्रममन्त्रीयता हेर्ने हो भने सबै श्रममन्त्रीले विदेशी मुद्रा सटहीका लागि राष्ट्र बैंकमा पत्राचार भएको देखिन्छ तर सत्तानिकट पक्राउ नपर्ने र बाँकी पक्राउ पर्ने जे देखियो, यो गलत छ,' उनले प्रभावसँग भने, 'कुनै पनि आपराधिक कसुरको अनुसन्धान गर्दा चयनात्मक सिद्धान्तको आधारमा गर्नु बदमासी हो ।'

सिआइबीको प्रारम्भिक अनुसन्धानअनुसार मलेसिया जाने सात लाख ५० हजार ९८८ नेपाली श्रमिकबाट स्वास्थ्य परीक्षणको नाममा बढी रकम असुल गरिएको थियो । त्यसरी संकलित रकममध्ये एक अर्ब ६९ करोड रूपैयाँभन्दा बढी मलेसिया पठाइएको प्रहरीको दाबी छ । सन् २०१९ देखि विभिन्न समयमा १७ पटक रकम विदेश पठाइएको अनुसन्धानबाट खुलेको छ। यसमा म्याक्रोटेक कम्पनी, मलेसियाको वेस्टिनेट कम्पनी, स्वास्थ्य परीक्षण गर्ने संस्था, श्रम मन्त्रालयका अधिकारी तथा विदेशी मुद्रा सटही प्रक्रियासँग जोडिएका निकायको भूमिका अनुसन्धानको विषय बनेको छ ।

■■■

प्रधानमन्त्रीको शासन...

यस विषयमा दुई नेताबीच छलफल भएको र सभापति लामिछानेले असन्तुष्टि जनाएको लामिछानेको सचिवालयले जनायो । 'प्रधानमन्त्री र सभापतिको सम्बन्धलाई लिएर अनेकन चर्चा छन् । सम्बन्ध राम्रो नरहेको भन्ने हल्ला पनि भयो । भेटले त्यसबाट पार्टी पंक्तिमा, नेता-कार्यकर्तामा भ्रम र अन्योल पर्न गएको विषय पनि छन्। त्यसबारे कुराकानी भएको थियो,' लामिछानेको सचिवालयले भन्यो ।

कुराकानीका क्रममा सभापति लामिछानेले सरकारको कामकारबाहीलाई गति दिन सुझाव दिएका थिए । 'सरकारको कार्यसम्पादनमा सुधार गर्नुपर्ने ठाउँ छन् । त्यसलाई मिलाएर लैजान, कार्यसम्पादनलाई अझै व्यवस्थित गर्न र गतिशील तुल्याउन सभापतिले सुझाव दिनुभएको छ,' लामिछानेको सचिवालयले भन्यो ।

सभापति लामिछाने र प्रधानमन्त्रीबीच स्थानीय तह निर्वाचन र प्रदेश तह निर्वाचनबारे पनि छलफल भएको थियो । पछिल्लो समय प्रधानमन्त्री शाहले अर्कै दल खोलेर स्थानीय निर्वाचनमा उत्रने चर्चासमेत चलेको छ । यस विषयमा दुई नेताबीच छलफल भएको र आफूले नयाँ दल खोल्ने विषयमा शाहले सोच्दै नसोचेको बताएका थिए ।

भेटमा सभापति लामिछानेले पार्टीले सुरु गर्न लागेको प्रशिक्षण अभियानबारे प्रधानमन्त्री शाहलाई जानकारी गराएका थिए । रास्वपाले छ वटा प्रदेशमा प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न लागेको छ । पार्टीको केन्द्रीय प्रशिक्षण विभागले आयोजना गर्ने प्रशिक्षण कार्यक्रम कर्णाली प्रदेशबाट सुरु भएर गण्डकी प्रदेशमा पुगेर सम्पन्न हुने छ ।

सबै प्रदेशमा लामिछानेले सम्बोधन गर्ने

रास्वपाले सार्वजनिक गरेको कार्यतालिकाअनुसार कर्णाली प्रदेशमा मंसिर १२ र १३ गते सुर्खेतमा, सुदूरपश्चिम प्रदेशमा मंसिर १४ र १५ गते धनगढीमा तथा कोशी प्रदेशमा मंसिर १७ र १८ गते धरानमा प्रशिक्षण कार्यक्रम हुने छ ।

त्यस्तै, बागमती प्रदेशमा मंसिर २० र २१ गते काठमाडौंमा, लुम्बिनी प्रदेशमा मंसिर २३ र २४ गते भालुवाङमा तथा गण्डकी प्रदेशमा पुस १ र २ गते पोखरामा प्रशिक्षण आयोजना गरिने छ। सबै प्रदेशका प्रशिक्षण कार्यक्रममा सभापति लामिछानेले सम्बोधन गर्ने कार्यक्रम रहेको छ। यसैगरी सभापति लामिछाने र प्रधानमन्त्री शाहबीच अध्यादेश र आगामी संसद् अधिवेसनबारे पनि छलफल भएको छ । संसद् अधिवेशन मंसिरमा बोलाउनेबारे दुई नेताबीच छलफल भएको लामिछानेको सचिवालयले जनायो ।

■■■

मलेसियाको श्रम...

विभागले भने मलेसिया जाने श्रमिकको पूर्व र अन्तिम श्रम स्वीकृतिमा कुनै समस्या नरहेको जनाएको छ । विभागसमक्ष यस्तो गुनासोसमेत नआएको महानिर्देशक नवराज ढकालले बताए ।

'श्रम स्वीकृति रोकिएको छैन । पूर्व र अन्तिम दिन आनाकानी गऱ्यो भन्ने हल्ला छ, त्यस्तो होइन,' उनले भने, 'केही एजेन्सीहरू अनुसन्धानको प्रक्रियामा रहेकाले उहाँहरूको पूर्वस्वीकृति त्यसले गर्दा रोकिएको छ । बाँकी कुनै पनि व्यवसायीले समस्या आएको भन्नुभएको छैन ।'

■■■

दोस्रो चरणको...

जारी गर्ने प्रयास र सञ्चारमाध्यममा अनाधिकृतरूपमा गाडी तेर्स्याउनेलाई कारवाही नगरिएको विरोधमा आन्दोलन गरिरहेको जनाएको छ । यस्तै, गोरखापत्रलगायत सरकारी तथा निजी सञ्चारमाध्यमबाट पत्रकारलाई जबरजस्ती निष्कासन गरिएको, श्रम अधिकारको उल्लंघन भएको तथा प्रेस काउन्सिल नेपालको सिफारिसबमोजिम पत्रपत्रिकाले पाउने लोककल्याणकारी विज्ञापनबापतको रकम उपलब्ध नगराइएकोप्रति महासंघले आपत्ति जनाएको छ ।

घोषित कार्यक्रमअनुसार महासंघले मंसिर १३ गतेदेखि १८ गतेसम्म हरेक दिन बिहान ११ बजेदेखि १२ बजेसम्म विभिन्न राजनीतिक दलका कार्यालयमा एक घण्टा धर्ना दिने छ । जसमा मंसिर १३ गते 'संकटमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता: रास्वपाको सरकारले सुनेन, सत्ताधारी दलले सुनिदेऊ' भन्ने नारासहित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को कार्यालयमा धर्ना दिइने छ ।

यसैगरी, 'संकटमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता: प्रमुख विपक्षी दल किन मौन ?' भन्ने नारासहित मंसिर १४ गते प्रमुख विपक्षी दल नेपाली कांग्रेस, मंसिर १५ गते नेकपा एमाले, मंसिर १६ गते नेपाली कम्युनिस्ट पार्टी (नेकपा), मंसिर १७ गते श्रम संस्कृति पार्टी र मंसिर १८ गते राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को कार्यालयमा धर्ना दिने कार्यक्रम तय गरिएको महासंघले जनाएको छ ।

उक्त धर्ना कार्यक्रम जिल्ला शाखाले जिल्ला समिति, प्रदेश समितिले प्रदेश समिति र काठमाडौं उपत्यकाका शाखा, प्रदेश तथा केन्द्रीय समितिले दलका केन्द्रीय कार्यालयमा सञ्चालन गर्ने विज्ञप्तिमा उल्लेख छ । आन्दोलनको अन्तिम दिन मंसिर २० गते कालो लुगा, कालो पट्टी र कालै मास्क लगाएर काठमाडौंको माइतीघर र बाहिरी जिल्लाका सदरमुकामहरूमा विरोध प्रदर्शन गरिने महासंघले जनाएको छ ।

कुनै पनि राजनीतिक दलले महासंघको मागप्रति लिखितरूपमा ऐक्यबद्धता जनाई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति प्रतिबद्धता व्यक्त गरेमा सो दलको कार्यालयमा धर्ना नदिइने महासंघले स्पष्ट पारेको छ। दोस्रो चरणको आन्दोलनबाट पनि माग सम्बोधन नभए तेस्रो चरणको आन्दोलनका कार्यक्रम घोषणा गरिने छ । तावनी महासंघले दिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

विशेष दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०७७/१२/२५ मा दर्ता भएको प्रा.लि.नं. २६१५३२ को **वी केयर फस्ट प्रा.लि.** सम्पर्कः (९८५१००६२२१)नामक कम्पनी यस कार्यालयमा मिति २०८३/०८/०७ गतेको निर्णय अनुसार कम्पनी ऐन १३६ 'क' बमोजिम **विशेष दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

कलेज अफ टेक्निकल स्किल ईन्हान्स प्रा.लि.को (लिक्वीडेसन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा ३५ दिने सूचना !

सूचना प्रकाशित मिति : २०८३/०८/११ गते

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४/१०/२५ मा दर्ता भएको प्रा.लि.दर्ता नं.१८३५७२/०७४/०७५ को **कलेज अफ टेक्निकल स्किल ईन्हान्स प्रा.लि.**लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०८/०६ गते कम्पनीको विशेष साधारणसभाबाट निर्णय भएकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन**भित्र लिक्विडेटरको कार्यालय भक्तपुर जिल्ला सुर्यविनायक नगरपालिका वडा नम्बर ४ शिकारीटारमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

देवी प्रसाद ढुंगाना (लिक्विडेटर)
इजाजत पत्र नं.६९८, मो.नं.९८५११९१८३५

कल्याणकारी कन्स्ट्रक्सन निर्माण सामाग्री सप्लायर्स प्रा.लि.को (लिक्वीडेसन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा ३५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८३/०८/११ गते

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४-०३-२१ मा दर्ता कायम भएको **कल्याणकारी कन्स्ट्रक्सन निर्माण सामाग्री सप्लायर्स प्रा.लि.नं.(१७०५५१/०७३/०७४)** लाई खारेजी लिक्वेटेशनमा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०८/१० गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न व्यहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन**भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

श्रवण कुमार श्रेष्ठ (लिक्विडेटर)
इजाजत पत्र नं.४०४, मो.नं.९८५१२१७००४

अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहाएको मालवस्तुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

SN	Vehicle Details	Shape /Type	Brand	Model No	Capacity	Country of Origin	Unit	Per Unit Cost	MRP in NPR
1	Q650	Electric	Ukylin	Q650	6 Kw	China	1	325,980.28	365,000

Importer: Sarathi Group Pvt. Ltd.
Address: Bhungal Marg, Kathmandu-2, Lazimpat
Contact No. 01-4976723 PAN No. 623592760

हकदावी पेश गर्ने सम्बन्धी ३० (तीस) दिने सार्वजनिक सूचना !

प्रथम पटक प्रकाशित मिति : २०८३/०८/११ गते

श्री **हरि ओम हेल्थ केयर (Hari Om Health Care) प्रा.लि.**, कम्पनी रजिष्ट्रेशन नं. २३८४३४ स्थायी लेखा नं.(PAN No.) ६०९७६१७३७, गणेशमान चारनाथ नगरपालिका-४, धनुषामा दर्ता भई सञ्चालनमा रहेको यस कम्पनीले कम्पनी ऐन, २०६३ को दफा १३६ (क) तथा विशेष दर्ता खारेजी सम्बन्धी निर्देशिका, २०८२ बमोजिम विशेष छुट सुविधाअन्तर्गत कम्पनीको दर्ता खारेजी (De-registration) गर्ने प्रक्रिया अगाडि बढाएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यस कम्पनीसँग कुनै व्यक्ति, संस्था, बैंक तथा वित्तीय संस्था, कर्मचारी, नापूर्तिकर्ता, ग्राहक वा अन्य कुनै सरोकारवाला पक्षको लेनदेन, ऋण, सापटी, मार्थिक दायित्व, भुक्तानी गर्नुपर्ने रकम वा अन्य कुनै हकदावी बाँकी रहेको भए सोको आवश्यक प्रमाण तथा कागजातसहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **३० (तीस) दिन**भित्र कम्पनीको रजिष्टर्ड ठेगानामा लिखित रूपमा दाबी पेश गर्नुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ । तोकिएको ३० दिने अवधिभित्र कुनै दाबी वा हकदावी प्राप्त नभएमा प्रचलित कानूनबमोजिम आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

कम्पनीको नाम : हरि मोम हेल्थ केयर प्रा.लि.(Hari Om Health Care Pvt. Ltd.)
कम्पनी दर्ता नं.: २३८४३४
स्थायी लेखा नं. (PAN No.) ६०९७६१७३७
कार्यालयको दर्ता ठेगाना: गणेशमान चारनाथ नगरपालिका-४, धनुषा, नेपाल

कम्पनीको तर्फबाट सञ्चालक समिति

सूचना

यस प्रभाव दैनिकको वर्ष १३ अंक १९७ मंसिर ६ गते २०८३ मा प्रकाशित **Rasuwa Overseas Pvt. Ltd.** को **LT No. 350785,350786,** भएका **Expert Security Services Sdn Bhd/ Zafran Security Services Sdn Bhd** कम्पनीको उक्त अन्तर्वार्ता हाललाई स्थगित गरिएको व्यहोरा जनकारी गराइ, अर्को सूचना जारी नभएसम्म अन्तर्वार्ता स्थगित रहनेछ ।

Rasuwa Overseas Pvt. Ltd.

मोटरसाइकल हराएको सूचना

मेरो निम्न व्यहोरा भएको **KTM Duke 250cc Dark Galvanomat** रंगको मोटरसाइकल मिति २०८३/०७/२३ गते का.जि. ब्.न.पा. वडा.नं. ८, भ्याली पब्लिक नजिक पार्किङ गरेको स्थानबाट अ. २:०० बजेको समयमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

सवारी धनी: अविन राई
बाइक नं. : BA. PRA. 02,044 PA 5604
चेसिस नं. : M02JPEXA3NCO52105
इन्जिन नं. : H.937 X 08554
सम्पर्क : ५८६७५८४४१७

फोहोरबाट ऊर्जा परियोजना पुनःस्थापना

काठमाडौं (प्रस)– काठमाडौं महानगरपालिका र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सहकार्यमा काठमाडौंको टेकुस्थित बन्द अवस्थामा रहेको फोहोरबाट ऊर्जा परियोजनाको पुनःस्थापना गरी परीक्षण सञ्चालन तथा हस्तान्तरण गरिएको छ ।

युरोपेली संघको सहयोगमा सन् २०१७ मा स्थापना गरिएको उक्त परियोजना बन्द अवस्थामा रहेकामा महानगरपालिका र केन्द्रबीच गत साउन १८ गते भएको समझदारीअनुसार पुनर्निर्माण सम्पन्न गरी विहीबार परीक्षण सञ्चालन तथा हस्तान्तरण गरिएको हो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा परियोजनाको परीक्षण सञ्चालन तथा हस्तान्तरण गरिएको हो । कार्यक्रममा मन्त्री श्रेष्ठले फोहोरबाट ऊर्जा परियोजना सहरी फोहोर व्यवस्थापनलाई ऊर्जासँग जोड्ने, स्थानीय स्रोतको सदुपयोग गर्ने, नागरिकलाई स्वच्छ तथा किफायती ऊर्जा उपलब्ध गराउने र स्वच्छ वातावरणमा बस्न पाउने अधिकार सुनिश्चित गर्ने दिशामा महत्त्वपूर्ण कदम भएको बताए ।

नेपालले हरेक वर्ष एलपी ग्यासलगायत पेट्रोलियम पदार्थ आयातमा ठूलो रकम खर्च गरिरहेको अवस्थामा देशभित्र उपलब्ध जैविक स्रोतबाट ऊर्जा उत्पादन गर्नु आर्थिक, वातावरणीय र ऊर्जा सुरक्षाका दृष्टिले महत्वपूर्ण हुने उनको भनाइ थियो ।

ऊर्जा विकासको सोच जलविद्युत् उत्पादनमामात्रै सीमित नराखी सौर्य ऊर्जा, बायोग्यास, फोहोरबाट ऊर्जा तथा अन्य नवीकरणीय ऊर्जा स्रोतको विकास र उपयोगमा पनि जोड दिनुपर्ने मन्त्री श्रेष्ठले बताए । ऊर्जा मिश्रण विविधीकरण गरी स्थानीयस्तरमा उपलब्ध स्रोतको उपयोग गर्न सके दिगो र भरपर्दो ऊर्जा प्रणाली निर्माण गर्न सकिने उनले उल्लेख गरे ।

मन्त्री श्रेष्ठले नियुक्त भएदेखि नै बन्द अवस्थामा रहेको टेकुस्थित उक्त परियोजना पुनः सञ्चालनमा ल्याई नमूना परियोजनाका रूपमा दिगो सञ्चालन गर्न चासो व्यक्त गर्दै केन्द्रलाई आवश्यक कार्य अघि बढाउन निर्देशन दिएका थिए ।

काठमाडौं महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले परियोजनाको काम निर्धारित समयमै सम्पन्न भएकामा खुसी व्यक्त गर्दै आगामी दिनमा पनि महानगरपालिका र केन्द्रबीच यस्ता परियोजनामा सहकार्य जारी राख्न महानगरपालिका इच्छुक रहेको बताइन् ।

आजको राशिफल



ज्यो. गुरू अनन्त
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शुक्रबार, ११ मंसिर, २०८३

मेष नयाँ योजना सफल हुने संकेत छ । दाम्पत्य तथा पारिवारिक सम्बन्धमा आत्मीयता बढ्नेछ ।

वृष दिन उत्साहपूर्ण रहनेछ । अध्ययन, व्यापार तथा रोजगारीका क्षेत्रमा परिणाम प्राप्त हुन सक्छ ।

मिथुन आम्दानीका नयाँ स्रोत भेटिन सक्छन् अनावश्यक विवादबाट टाढा रहनुहोला।

कर्कट आत्मविश्वास बढ्नेछ । कार्यक्षेत्रमा प्रशंसा पाइनेछ र महत्वपूर्ण निर्णय लिन सकिनेछ ।

सिंह रोकिएका काम अघि बढ्नेछन् । नयाँ अवसर प्राप्त हुन सक्छ, तर खर्चमा ध्यान दिनुहोला ।

कन्या जिम्मेवारी बढे पनि काममा सफलता मिल्नेछ । बोली र व्यवहारमा संयम अपनाउनुहोला ।

तुला नयाँ अवसर प्राप्त हुनेछन् । रोकिएका काम पूरा हुनेछन् र व्यापार व्यवसायमा सुधार आउनेछ ।

वृश्चिक सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ व्यक्तिसँगको भेटघाट फलदायी बन्न सक्छ ।

धनु मेहनतअनुसार सफलता मिल्नेछ । आर्थिक कारोबार गर्दा सोचविचार गरेर अघि बढ्नुहोला ।

मकर आर्थिक पक्ष सबल बन्नेछ । परिवारमा सुखद वातावरण रहनेछ र मानसम्मान बढ्नेछ ।

कुम्भ नयाँ कामको योजना बन्नेछ । साथीभाइबाट सहयोग मिल्नेछ भने यात्राको अवसर आउन सक्छ ।

मीन काममा उत्साह बढ्नेछ । पारिवारिक सम्बन्धमा सुधार आउनेछ र आर्थिक लाभको सम्भावना छ ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
विशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

H अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५२६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६२६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं)	४४९८०३५
निःशुल्क होमियो दातव्य	४२५५५४०/४२५५५४१
चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस	६६१२२६६
एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर	४३६३४५२/४३६०८८९
मानसिक अस्पताल	४४८०१७०
ह्याम्स अस्पताल, बुद्धनगर	४७८४८४०/४७८५१५७
ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि.	४३५४५३७/४३८१९६२
गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट	४२५८५५२/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल, लैनचौर	४४११६०५/४४२०८२३
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४७४९६८/४४८९८९१

शववाहन र विविध

सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी	०१ ६९१२९१४४
जनमैत्री हस्पिटल, बालाजु	४३६६३०१-०५
विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु	४३८३९५२/४३८०८४८
नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आइघाट सेवा कन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क शववाहन सेवा	४४३४०९३
नेपाल मिटर टचाक्सी संघ	४२२४३७४

नेपाल राष्ट्र बैंक

११ मंसिर, २०८३ (२७ नोभेम्बर २०२६)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रूपैयाँ	१००	१६०.००	१६०.१५
अमेरिकी डलर	१	१४७.२८	१४७.८८
युरो	१	१६१.१२	१६१.७८
पाउन्ड स्टर्लिङ	१	१९२.३५	१९३.१३
स्विस फ्रैन्क	१	१७६.५२	१७७.२४
अस्ट्रेलियन डलर	१	९६.७२	९७.११
क्यानाडियन डलर	१	१०३.०७	१०३.४९
सिङ्गापुर डलर	१	११३.९८	११४.४४
जापानी येन	१०	९.२४	९.२७
चिनियाँ युआन	१	२२.०६	२२.१५
साउदी अरब रियाल	१	३९.२६	३९.४२
कतारी रियाल	१	४०.४१	४०.५७
थाई भाट	१	४.३१	४.३३
संयुक्त अरब इमिरेट दिराम	१	४०.१०	४०.२६
मलेसियन रिङ्गेट	१	३५.७५	३५.९०
दक्षिण कोरियन वन	१००	१०.९६	११.०१
स्विडिस क्रोनर	१	१४.३४	१४.३९
डेनिस क्रोनर	१	२१.५६	२१.६४
हङकङ डलर	१	१८.७९	१८.८७
कुवेती दिनार	१	४७६.६३	४७८.५८
बहराइन दिनार	१	३९०.६३	३९२.२२

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरुले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

भारतको नयाँ दिल्लीबाट उद्धारपछि पारिवारिक पुनर्मिलन



■ प्रभाव संवाददाता

काठमाडौं– आकर्षक वैदेशिक रोजगारीका लागि सर्बिया पठाउने प्रलोभनमा भारतको राजधानी नयाँ दिल्लीमा बन्धक बनाइएका तीन जना नेपालीलाई उद्धार गरी परिवारसँग पुनर्मिलन गराइएको छ ।

उनीहरूलाई ४५ दिनदेखि दिल्लीस्थित एक होटलमा बन्धक बनाइ राखिएको अवस्थामा सामाजिक संस्था किन इण्डियाले उद्धार गरी नेपाल ल्याएको थियो । सर्बिया पठाइदिने प्रलोभन देखाएर उनीहरूलाई त्यहाँ पुऱ्याइएको पाइएको छ ।

संस्थाका प्रतिनिधि महिन्द्र भट्टराईका अनुसार बिहीबार कोशी प्रदेशकी सामाजिक विकासमन्त्री गीता तिम्सिनाको समन्वयमा दुई जनालाई र जिल्ला प्रहरी कार्यालय मोरङको समन्वयमा एक जनालाई जिल्ला प्रहरी कार्यालय धनकुटामार्फत पारिवारिक पुनर्मिलन कार्य सम्पन्न गरिएको हो ।

वैदेशिक रोजगारीका लागि सर्बिया पठाइदिने आश्वासन दिएर अवैध मानव ओसार पसार गर्ने कार्यमा संलग्न समूहले उनीहरूलाई दिल्ली पुऱ्याएको थियो । घटनाबारे जानकारी प्राप्त भएपछि सम्बन्धित निकायसँग तत्काल समन्वय गरी उद्धारका लागि पहल गरिएको किन इण्डियाका निर्देशक नवीन जोशीले बताए ।

'बन्धक बनाएको घटनाबारे जानकारी पाएपछि नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरो, नेपाली राजदूतावास नयाँ दिल्ली तथा दिल्ली प्रहरीको समन्वयमा तीन जनालाई बन्धक अवस्थाबाट सकुशल उद्धार गरिएको हो,' किन इण्डियाका ग्लोबल संयोजक इन्द्रराज भट्टराईले भने । उनका अनुसार भारतमा आवश्यक कानुनी प्रक्रिया पूरा गरेपश्चात् तीनै जनालाई नेपाल ल्याइएको थियो ।

आकर्षक रोजगारीको प्रलोभनमा पारेर नेपाली नागरिकलाई विभिन्न मुलुकमा पुऱ्याई शोषण तथा बेचबिखनको जोखिममा पार्ने यस्ता घटना दिनप्रतिदिन बढिरहेकोले व्यक्ति सचेत रहन तथा यसप्रति राज्यका सबै निकाय थप सचेत र जिम्मेवार बन्न आवश्यक देखिएको उनले ध्यानाकर्षण गराएका छन् ।

विद्यालय पाठ्यक्रममा कृत्रिम बौद्धिकता र जीवनोपयोगी सीप समेटिने

काठमाडौं (प्रस)– विद्यालय तहको पाठ्यक्रममा सीपमा आधारित शिक्षा, कृत्रिम बौद्धिकता, सूचना प्रविधि र जीवनोपयोगी शिक्षालाई प्राथमिकता दिइने भएको छ । 'विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६' परिमार्जनका लागि गठित कार्यदलले 'ब्यागलेस डे' र 'बुक फ्री फ्राइडे' जस्ता अभ्यास, राष्ट्रिय मूल्यमा आधारित नैतिक शिक्षा, खेलकुद विज्ञान, स्वास्थ्य तथा कल्याण, जलवायु परिवर्तन, भाषा र सूचना प्रविधिको प्रयोग तथा त्यसको नैतिक पक्षलाई पाठ्यक्रममा समेट्ने तयारी गरेको हो ।

राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्यांकन परिषद्को ९८औं बैठकले गत वैशाख २२ गते गरेको निर्णयअनुसार काठमाडौं विश्वविद्यालयको शिक्षा संकायका तत्कालीन डीन प्रा.डा. बालचन्द्र लुइँटेलको संयोजकत्वमा १९ सदस्यीय कार्यदल गठन गरी परिमार्जन प्रक्रिया अघि बढाइएको हो ।

कार्यदलका सदस्यसचिव एवं पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक महेन्द्र पराजुलीले पाठ्यक्रम प्रारूप परिमार्जनका क्रममा हालसम्मकै व्यापक सरोकारवालाको सहभागिता सुनिश्चित गरिएको बताए । उनका अनुसार विभिन्न माध्यमबाट हालसम्म करिब एक लाख ५० हजार सुझाव प्राप्त भएका छन् । वर्तमान आवश्यकता र भावी पुस्ताको आकांक्षालाई सम्बोधन गर्ने गरी पाठ्यक्रम प्रारूप परिमार्जन गरिने उनले बताए ।

कार्यदलले प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्मको पाठ्यक्रम प्रारूप तयार पार्नेछ। परिमार्जित प्रारूप र सुझाव प्रतिवेदनका आधारमा क्रमशः नयाँ पाठ्यक्रम निर्माण तथा तर्जुमा गरिने छ । परिमार्जनका लागि १२ वटा विषयगत समूह गठन गरी कार्यपत्र तयार पारिएको छ । ती समूहले सरोकारवालासँग छलफल, स्थलगत अध्ययन, वेबसाइट, विद्युतीय माध्यम, पेसागत तथा संस्थागत संघसंस्था र विभिन्न फाराममार्फत सुझाव संकलन गरेका छन् ।

प्रारूप परिमार्जनका क्रममा संघीय शासन प्रणालीमा प्रदेश तथा स्थानीय तहको भूमिका, सामाजिक तथा राजनीतिक परिवर्तन, डिजिटल रूपान्तरण, युवाका आकांक्षा, समावेशिता, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, अध्ययनको श्रेयभार, शिक्षण विधि तथा मूल्यांकन प्रणालीलाई प्रमुख विषयका रूपमा समेटिएको छ ।

केन्द्रका अनुसार पाठ्यक्रम प्रारूपको पुनरवलोकन, सरकारका नीतिगत प्रतिबद्धता, विश्वव्यापी शैक्षिक प्रवृत्ति, अनुसन्धान तथा प्रमाण, वर्तमान अवस्थाको विश्लेषण र सरोकारवालासँगको व्यापक परामर्शलाई परिमार्जनको आधार बनाइएको छ ।

शिक्षाविद्हरूसँगको छलफलमा व्यावहारिक तथा रोजगारीमुखी शिक्षा, पाठ्यभार र विषयवस्तुको दोहोरोपन हटाउने, डिजिटल साक्षरता तथा कृत्रिम बौद्धिकता, मूल्यांकन प्रणालीमा सुधार, शिक्षक सहायता प्रणाली, पेसागत मार्गदर्शन, व्यावसायिक शिक्षा तथा नैतिक र मूल्यमा आधारित शिक्षालाई प्राथमिकता दिन सुझाव प्राप्त भएका छन् । त्यसैगरी, विद्यालय तहदेखि नै खेलकुदलाई शिक्षाको अभिन्न अंग बनाउने, विद्यार्थी परामर्श तथा कल्याण र शिक्षकको तयारी तथा व्यावसायिक विकासलाई पनि पाठ्यक्रम सुधारका महत्त्वपूर्ण पक्षका रूपमा औंल्याइएको छ ।

युएइ/साउदीमा रोजगार कम्पनी : ALLCHHEWANG BUILDING MAINTENANCE LLC
सेवा शुल्क : नि:शुल्क
पूर्व स्वीकृति मिति : २०८३/०८/०५ LT. No. 350981 चलानी नं. ६०१६३८९६

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Building labour	20	0	1000	३९,४८४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : AL MAWARID RECRUITMENT COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०८/०५ LT. No. 350928 चलानी नं. ६०१६३८९७

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Gardeners (Landscaping)	1	0	1000	३९,२०५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १८ गते (4th Dec. 2026) मा हुनेछ ।

स्वदेशमा अरिबे वि मेडिकल सर्च गराले भर्ने र थपि गर्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा अरिबे बिमा सर्च गराले ल्याहोर्ने र थपि लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कपले ल्याहोर्ने	हवाई टिकट कपले दिने र थपि लाग्ने	बिमा शुल्क कपले दिने र थपि लाग्ने	रोजगारदाता कम्पनीले	सामाजिक सुरक्षा कोष कपले दिने र थपि लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था	सेवा शुल्क	अभिलेखिकरण शुल्क थपि लाग्ने र कपले ल्याहोर्ने	बिमा स्टाम्पिस शुल्क कपले ल्याहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,२९६ - कामदारले तिर्ने	रु. १,२०० - कामदार आफैले	नि:शुल्क	रोजगारदाता कम्पनीले	

वैदेशिक रोजगार विभागबाट स्वराज्यको जानकारी: १) आफ्नो नाममा बिना प्रान भई जाने लिखित भारपछि मात्र कम्पनीले गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक निवेशको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राखुलोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई तोरुनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचक्रमा सम्पर्क गर्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५ / ०७४ / ०७५

कतारमा रोजगार कम्पनी : ARNAV TRADING CONTRACTING AND HOSPITALITY SERVICES
पूर्व स्वीकृति मिति : २०८३/०८/९० LT. No. 350743 चलानी नं. ६०१६३८३८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Assistant Plumber	1	0	1100	४४,४९९	श्र.नि. अनुसार	८ घण्टा	६ दिन	श्र.नि. अनुसार	छ		२ वर्ष
2.	Experienced Waiter	4	0	1400	५६,६३६							
3.	Female Waiteress	0	2	1400	५६,६३६							
4.	Juice Maker (Fresh Juice)	2	0	1400	५६,६३६							
5.	All Vehelicls Driver	2	0	1400	५६,६३६							

अन्तरवार्ता हुने स्थान :संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १८ गते (4th Dec. 2026) मा हुनेछ ।

स्वदेशमा अरिबे वि मेडिकल सर्च गराले भर्ने र थपि गर्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा अरिबे बिमा सर्च गराले ल्याहोर्ने र थपि लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कपले ल्याहोर्ने	हवाई टिकट कपले दिने र थपि लाग्ने	बिमा शुल्क कपले दिने र थपि लाग्ने	रोजगारदाता कम्पनीले	सामाजिक सुरक्षा कोष कपले दिने र थपि लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था	सेवा शुल्क	अभिलेखिकरण शुल्क थपि लाग्ने र कपले ल्याहोर्ने	बिमा स्टाम्पिस शुल्क कपले ल्याहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,२९६ - कामदारले तिर्ने	रु. १,२०० - कामदार आफैले	नि:शुल्क	रोजगारदाता कम्पनीले	

वैदेशिक रोजगार विभागबाट स्वराज्यको जानकारी: १) आफ्नो नाममा बिना प्रान भई जाने लिखित भारपछि मात्र कम्पनीले गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक निवेशको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राखुलोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई तोरुनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचक्रमा सम्पर्क गर्नुहोला ।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957, 9818241281 Ananda Budhathoki
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम इजाजत नं. १४२३ / ०७४ / ७५

युएइमा रोजगार कम्पनी : EMIRATES RESOURCES LLC
पूर्व स्वीकृति मिति : २०८३/०६/१५ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/१० LT. No. 348808 चलानी नं. ६०१६१९५४

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Construction Helper	60	0	1500	६०,०९७	श्र.नि. अनुसार	८ घण्टा	६ दिन	श्र.नि. अनुसार	छ		२ वर्ष
2.	General Mason	25	0	1500	६०,०९७							
3.	Building Steel Fixer	25	0	1500	६०,०९७							
4.	Carpenter Shuttering	24	0	1500	६०,०९७							

अन्तरवार्ता हुने स्थान: काठमाडौं महानगरपालिका, जी.एस.. टेक्निकल , सिनामंगल -०९, काठमाडौंमा मिति: २०८३ मंसिर १९ गते (5th Dec. 2026) मा हुनेछ ।
: धनुषा, जनकपुर उपमहानगरपालिका, जनकपुर ट्रेनिङ सेन्टरमा मिति: २०८३ मंसिर २० गते (6th Dec. 2026) मा हुनेछ ।
: सिराहा, सिराहा नगरपालिका, मिर्चैयामा मिति: २०८३ मंसिर २१ गते (7th Dec. 2026) मा हुनेछ ।

स्वदेशमा अरिबे वि मेडिकल सर्च गराले भर्ने र थपि गर्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा अरिबे बिमा सर्च गराले ल्याहोर्ने र थपि लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कपले ल्याहोर्ने	हवाई टिकट कपले दिने र थपि लाग्ने	बिमा शुल्क कपले दिने र थपि लाग्ने	रोजगारदाता कम्पनीले	सामाजिक सुरक्षा कोष कपले दिने र थपि लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था	सेवा शुल्क	अभिलेखिकरण शुल्क थपि लाग्ने र कपले ल्याहोर्ने	बिमा स्टाम्पिस शुल्क कपले ल्याहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,९६ - कामदारले तिर्ने	रु. १,२०० - कामदार आफैले	नि:शुल्क	रोजगारदाता कम्पनीले	

वैदेशिक रोजगार विभागबाट स्वराज्यको जानकारी: १) आफ्नो नाममा बिना प्रान भई जाने लिखित भारपछि मात्र कम्पनीले गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक निवेशको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राखुलोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई तोरुनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचक्रमा सम्पर्क गर्नुहोला ।

AL-HARMAIN H.R. PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal, T: 01-4584810
Email:- info@alharmainhr.com.np, Web: www.alharmain.com.np
Govt.Lic. No 1160/073/74

युएइमा रोजगार कम्पनी : BELRESHEED BUILDING CONTRACTING
पूर्व स्वीकृति मिति : २०८१/०१/०८ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/१० LT. No. 322222 चलानी नं. ६०१३६४०३

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Assistant Mason, Bricks	8	0	1000	८०,०६८	श्र.नि. अनुसार	८ घण्टा	६ दिन	श्र.नि. अनुसार	छ		२ वर्ष
2	Assistant Painter	4	0	1000	८०,०६८							
3	Assistant Plumber	2	0	1000	८०,०६८							
4	Assistant Upholstered	5	0	1000	८०,०६८							
5	Brick Mason	2	0	1200	८८,०७७							
6	Building Painters	1	0	1200	८८,०७७							
7	Carpenter	4	0	1200	८८,०७७							
8	Cleaner / Public Building	5	0	800	३२,०५१							
9	Cleaners Male	9	0	800	३२,०५१							
10	Construction Labour(Builder)	6	0	1200	८८,०७७							
11	Electricians: Skilled	5	0	1200	८८,०७७							
12	Labour (Building Projects)	1	0	800	३२,०५१							
13	Ordinary Labours	2	0	800	३२,०५१							
14	Painter	5	0	1200	८८,०७७							
15	Steel Fixer	3	0	1200	८८,०७७							
16	Tile Layer	11	0	1200	८८,०७७							
17	Worker Blacksmith	1	0	1200	८८,०७७							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १८ गते (4th Dec. 2026) मा हुनेछ ।

स्वदेशमा अरिबे वि मेडिकल सर्च गराले भर्ने र थपि गर्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा अरिबे बिमा सर्च गराले ल्याहोर्ने र थपि लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कपले ल्याहोर्ने	हवाई टिकट कपले दिने र थपि लाग्ने	बिमा शुल्क कपले दिने र थपि लाग्ने	रोजगारदाता कम्पनीले	सामाजिक सुरक्षा कोष कपले दिने र थपि लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था	सेवा शुल्क	अभिलेखिकरण शुल्क थपि लाग्ने र कपले ल्याहोर्ने	बिमा स्टाम्पिस शुल्क कपले ल्याहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,९६ - कामदारले तिर्ने	रु. १,२०० - कामदार आफैले	नि:शुल्क	रोजगारदाता कम्पनीले	

वैदेशिक रोजगार विभागबाट स्वराज्यको जानकारी: १) आफ्नो नाममा बिना प्रान भई जाने लिखित भारपछि मात्र कम्पनीले गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक निवेशको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राखुलोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई तोरुनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचक्रमा सम्पर्क गर्नुहोला ।

Al Haya Recruitment Pvt. Ltd.
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, E-mail : alhaya.recruitment@gmail.com
श्रम इजाजत नं. १०८३/०७३/०७७

जापानमा रोजगार कम्पनी : NMG協同組合
पूर्व स्वीकृति मिति : २०८३/०८/०९ LT. No. 350950 चलानी नं. ६०१६३८५८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब YEN	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Building Worker / CONSTRUCTION WORKER	3	0	205765	१,४०,५५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : KANKYO SANARU COOPERATIVE
पूर्व स्वीकृति मिति : २०८३/०८/०९ LT. No. 350951 चलानी नं. ६०१६३८५९

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब YEN	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	MANUFACTURING (PLASTIC RECYCLING & INJECTION MOUL	3	0	196040	१,८१,१६३	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव :
(क) नेपाली नागरिकता भएको २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा सांस्कृतिक सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा सांस्कृतिक सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल छाडि आएपछि पुन: काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिबद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त कुनाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.ति.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिसा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: ५०,००० ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.ति.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाती, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा वैदेशकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोकेको बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट जारीगरेको जानकारी:
१) आफ्नो नाममा बिना प्रान भई जाने लिखित भारपछि मात्र कम्पनीले गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक निवेशको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राखुलोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कमैलाई तोरुनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचक्रमा सम्पर्क गर्नुहोला ।
प्रमाण्य: यस विषयमा थप केही बुझ्न परेमा यस प्रा.ति.मा सम्पर्क गर्न सानुहुनेछ ।

ALL RAHIM MANPOWER PVT. LTD.
Sarbeswori Marga, Mandikhatar, Budhanilakantha, Head office, Kathmandu, Nepal, Tel : 01 4544419, 01 4544429, Mob : 9803922236
E-mail: allrahimhr@gmail.com / info@allrahimmanpower.com, Website : allrahimmanpower.com.np
श्रम इजाजत नं. ९८५४ / ०७४ / ०७५

कुवेतमा रोजगार कम्पनी : MUUSH SNACK COMPANY शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८३/०८/०५ चलानी नं.: ६०२६३८६८ LT. No.: 350771

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Barista	6	0	सम्बन्धित काममा दक्ष	150	७१,४५४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार		छ	२ वर्ष
2.	ASSISTANT / HELPER	4	0		150	७१,४५४							

कम्पनी : DAR DALAL FOOD SUPPLIES COMPAN शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८३/०८/१० चलानी नं.: ६०२६३५१७ LT.No.: 350772

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख

प्रभाव दैनिक
National Daily

सम्पादकीय

छानबिनमा राजनीतिक छाया हटाऊ

मलेसिया जाने नेपाली श्रमिकबाट स्वास्थ्य परीक्षणका नाममा अतिरिक्त रकम असुलेर एक अर्ब ६९ करोड दुई लाख २४ हजार रूपैयाँ विदेश पठाइएको प्रकरणमा गायब पारिएको सक्कल फाइल श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) लाई बुझाउनु अनुसन्धानको एउटा महत्त्वपूर्ण कडी हो । लामो समयदेखि फाइल हराएको बहानामा छानबिन प्रक्रिया अवरुद्ध बनिरहेका बेला उपसचिव उपेन्द्र पौडेलको नेतृत्वमा गठित कार्यदलले पुराना अभिलेखबाट फाइल फेला पारेर हस्तान्तरण गर्नु सकारात्मक कदम मान्नुपर्छ । यसले रकम विदेश पठाउन दिइएको स्वीकृति, मन्त्रीस्तरीय निर्णय तथा संलग्न अधिकारी र कम्पनीहरूको भूमिका केलाउन अनुसन्धान निकायलाई ठोस आधार दिएको छ । सन् २०१९ यता सात लाख ५० हजारभन्दा बढी श्रमिकबाट उठाइएको रकम टेलिग्राफिक ट्रान्सफर (टिटी) मार्फत मलेसियास्थित बेस्टिनेट कम्पनीसम्म पुऱ्याइएको विषय गम्भीर आर्थिक अपराध र श्रमिक शोषणसँग जोडिएको छ, जसको सत्यतथ्य बाहिर आउनैपर्छ ।

यद्यपि, सक्कल फाइल फेला परेर अनुसन्धान अघि बढ्ने वातावरण बन्दै गर्दा यस प्रकरणको छानबिन र पत्राउको दायरामाथि गम्भीर प्रश्न उठेका छन् । पूर्वमुख्यसचिव एवं तत्कालीन श्रमसचिव एकनारायण अर्याल, पूर्वश्रममन्त्रीद्वय रामेश्वर राय यादव र शेरबहादुर कुँवर, अन्य पूर्वसचिव, सहसचिव, कानुन अधिकृत तथा सम्बन्धित कम्पनीका सञ्चालकहरूमाथि कारबाही र पत्राउको प्रक्रिया अघि बढिरहेका बेला एउटै प्रकृतिको निर्णय र पत्राचारमा जोडिएका भनिएका अन्य केही उच्च पदस्थ व्यक्तिहरू छानबिनको दायरामा नपरेकोे विषयले जनमानसमा शंका उब्जाएको छ । प्रतिपक्षी दलका नेताहरूले यसलाई 'चयनात्मक कारबाही' र 'राजनीतिक प्रतिशोध' को संज्ञा दिँदै वर्तमान सभामुख डोलप्रसाद अर्याल र पूर्वश्रममन्त्री शरतसिंह भण्डारीको भूमिकामाथि पनि निष्पक्ष छानबिन हुनुपर्ने माग उठाएका छन् ।

कुनै पनि गम्भीर अपराधको अनुसन्धान गर्दा राजनीतिक आस्था, पद वा सत्ता निकटताका आधारमा फरक व्यवहार गरियो भने त्यसले कानुनी शासन र न्यायप्रतिको विश्वासलाई कमजोर बनाउँछ । कसुरको प्रकृति र संलग्नताको प्रमाणका आधारमा जोकोही भए पनि कानुनको कठघरामा उभ्याउन सक्ने साहस र निष्पक्षता राज्य संयन्त्रले देखाउनुपर्छ । यदि विभिन्न समयमा श्रम नेतृत्व सम्हालेका व्यक्तिहरूको कार्यकालमा विदेशी मुद्रा सटही र रकम स्थानान्तरणसम्बन्धी पत्राचार तथा निर्णय भएका छन् भने ती सबै चरणको सूक्ष्म र समान मापदण्डमा आधारित छानबिन अपरिहार्य हुन्छ ।

श्रमिकको पसिना र बाध्यतामाथि खेलबाड गर्दै अर्बौं रूपैयाँ बाहिर पठाउने सञ्जालमा संलग्न बिचौलिया, कम्पनी सञ्चालक, कर्मचारी र निर्णयकर्ता कोही पनि उन्मुक्ति पाउने स्थिति बन्नु हुँदैन । फाइल भेटिएसँगै अब सिआइबीले विनाकुनै दबाब, प्रभाव वा पूर्वाग्रह गहिराइमा पुगेर अनुसन्धान टुंग्याउनुपर्छ । कानुनभन्दा माथि कोही छैन भन्ने मान्यता व्यवहारमा पुष्टि भएमात्र पीडित श्रमिकले न्यायको अनुभूति गर्न सक्ने छन् र राज्यको छानबिन प्रणालीप्रति विश्वसनीयता कायम रहने छ ।

श्रम सरोकार

नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

विद्यालय सिकाइ कि यातना केन्द्र ?



■ प्रेमनारायण भुसाल

> विद्यालय बालबालिकाले ज्ञान आर्जन गर्ने, जिज्ञासा व्यक्त गर्ने, गल्तीबाट सिक्ने र आफ्नो व्यक्तित्व विकास गर्ने थलो हो । त्यहाँ उनीहरूले सुरक्षित, सम्मानित र उत्साहित महसुस गर्न पाउनुपर्छ । एसइई विविध कक्षाका परीक्षामध्ये एक परीक्षा अवश्य हो तर जीवनकै अन्तिम परीक्षा होइन । एउटा परीक्षाको नतिजाका लागि बाल्यावस्था र किशोरावस्थाका अमूल्य समय, स्वास्थ्य, सिर्जनशीलता र मानसिक शान्ति गुमाउनु उचित हुँदैन ।

काठमाडौंका सडकमा बिहान ५-६ बजेको झिसमिसेमै पाँच वर्षदेखि १७-१८ वर्षसम्मका बालबालिका विद्यालय बस कुरिरहेका दृश्य आजकल सामान्यजस्तै बनेका छन् । जाडोको सिरेटो र कुहिरो छिचोल्दै निद्रालु आँखाले बसको प्रतीक्षा गरिरहेका बालबालिकासँगै अभिभावक पनि सडकमा उभिएका देखिन्छन् । विद्यालय जाने उमेरका बालबालिकाको बिहान यसरी सुरु हुनु र साँझ अँध्यारो भइसकेपछि मात्र घर फर्कनु अहिले सामान्य अभ्यासजस्तै बन्दै गएको छ ।

विद्यालयको समय, पाठ्यपुस्तकको बोझ र सार्वजनिक विदाका विषयमा बेलाबेला बहस तथा सरकारी निर्देशन आउने गरे पनि विहानै विद्यालय बोलाउने र साँझ अबेरसम्म राख्ने प्रवृत्तिमा अपेक्षित सुधार हुन सकेको छैन । विशेषगरी दसैं-तिहारपछि एसइई परीक्षाको तयारीका नाममा बिहानैदेखि अतिरिक्त कक्षा सञ्चालन गर्ने चलन सहरी क्षेत्रका संस्थागत विद्यालयमा व्यापक बन्दै गएको छ । यसले बालबालिकालाई विद्यालयमा बढी समय राख्नु नै गुणस्तरीय शिक्षाको प्रमाण हो भन्ने भ्रमसमेत छर्ने गरेको छ ।

एसइईको नतिजा राम्रो बनाउने नाममा विद्यार्थीलाई बिहानदेखि साँझसम्म विद्यालयमै राख्ने अभ्यासलाई कतिपय विद्यालयले 'सेमि-होस्टेल' को स्वरूप दिएका छन् । खाना, खाजा र अतिरिक्त कक्षाका नाममा अभिभावकबाट छुट्टै शुल्कसमेत लिने गरिएको छ । छोराछोरीको भविष्य राम्रो बनाउने अपेक्षामा अभिभावकहरू पनि यस्तो व्यवस्थाप्रति सहमत देखिन्छन् तर यसले निम्न तथा मध्यम आय भएका परिवारमा थप आर्थिक भार सिर्जना गरिरहेको छ । शिक्षा प्राप्त गर्ने अवसरलाई आर्थिक क्षमतासँग जोड्ने यस्तो अभ्यासले समान शैक्षिक अवसरको अवधारणामाथि प्रश्न उठाएको छ ।

यसमा विद्यालयको आर्थिक पक्ष र शिक्षकको अतिरिक्त आम्दानीको विषय पनि जोडिएको छ । नियमित कक्षा सञ्चालनबाहेक दसैंदेखि एसइई परीक्षासम्म अतिरिक्त कक्षा चलाउने र त्यसबापत शिक्षकलाई अतिरिक्त पारिश्रमिक दिने प्रचलन कतिपय विद्यालयमा छ । शिक्षकले अतिरिक्त समय दिएबापत पारिश्रमिक पाउनु अन्यथा होइन तर अतिरिक्त आम्दानी र विद्यालयको प्रतिष्ठालाई केन्द्रमा राखेर विद्यार्थीलाई लामो समयसम्म विद्यालयमा राख्ने प्रवृत्ति उचित हुन सक्दैन । शिक्षकको श्रमको सम्मान र विद्यार्थीको मनोसामाजिक स्वास्थ्यबीच सन्तुलन कायम गर्नु विद्यालय व्यवस्थापनको दायित्व हो ।

रटाइ र ग्रेडको प्रतिस्पर्धा

आवश्यकतामा आधारित अतिरिक्त कक्षाको मुख्य उद्देश्य विद्यार्थीको सिकाइमा सहयोग पुऱ्याउनु हुनुपर्ने हो तर व्यवहारमा पुराना प्रश्नपत्र, नमूना प्रश्न र सम्भावित प्रश्नको अभ्यासलाई नै तयारीको प्रमुख माध्यम बनाउने गरिएको छ । विद्यार्थीले विषयवस्तु कति बुझे, त्यसलाई व्यवहारमा कसरी प्रयोग गर्न सक्छन् र नयाँ परिस्थितिमा कस्तो समस्या समाधान गर्न सक्छन् भन्नेभन्दा परीक्षामा कति अंक ल्याउँछन् भन्ने कुराले बढी महत्त्व पाएको देखिन्छ । यसरी सिकाइको उद्देश्य ज्ञान र सीप विकासबाट सरेर निश्चित प्रश्नको उत्तर घोक्ने र उच्च ग्रेड प्राप्त गर्ने प्रतिस्पर्धामा सीमित हुँदै गएको छ ।

विद्यालयको प्रतिष्ठा र विद्यार्थी आकर्षित गर्ने माध्यमका रूपमा एसइईको नतिजालाई प्रयोग गर्ने प्रवृत्तिले यस समस्यालाई थप जटिल बनाएको छ । कक्षा १२ सम्म विद्यालय तह कायम भइसकेको अवस्थामा कक्षा १० को परीक्षालाई नै विद्यालयको गुणस्तर मापन गर्ने प्रमुख आधार बनाउनु कति उपयुक्त छ ? एसइईको नतिजा महत्त्वपूर्ण भए पनि यसले विद्यालयको समग्र शैक्षिक उपलब्धि र विद्यार्थीको वास्तविक क्षमता पूर्णरूपमा मापन गर्न सक्दैन । यही नतिजामुखी प्रतिस्पर्धाका कारण कमजोर ठानिएका विद्यार्थीलाई अर्को विद्यालयमा कक्षा ९ मै भर्ना गराउने वा प्राइभेट परीक्षार्थीका रूपमा परीक्षा दिलाउनेजस्ता अभ्याससमेत देखिनु चिन्ताको विषय हो । विद्यार्थीको शैक्षिक प्रगतिको जिम्मेवारी लिनुपर्ने विद्यालयले नतिजा कमजोर आउन सक्ने विद्यार्थीलाई नै आफ्नो संस्थाको प्रतिष्ठाका लागि भार ठान्नु शैक्षिक नैतिकतासँग पटकै मेल खाँदैन ।

बालबालिकाको सिकाइ क्षमता उमेर, रुचि, शारीरिक अवस्था, मानसिक परिपक्वता र व्यक्तिगत भिन्नताअनुसार फरक हुन्छ । सबै विद्यार्थीलाई एउटै समयतालिका, एउटै अभ्यास र एउटै उपलब्धिको अपेक्षामा बाँध्न सकिँदैन । बिहानैदेखि साँझसम्म विद्यालयमा राखेर लगातार पढाउनु नै प्रभावकारी सिकाइ हो भन्ने मान्यता बालमनोविज्ञान अनुकूल छैन । लामो समयसम्मको मानसिक श्रमपछि बालबालिकालाई पर्याप्त आराम, खेलकुद, मनोरञ्जन, पारिवारिक संवाद र स्वतन्त्र अध्ययनको अवसर पनि आवश्यक हुन्छ ।

विशेषगरी किशोरावस्थामा प्रवेश गर्दै गरेका विद्यार्थीका लागि शारीरिक परिवर्तनसँगै भावनात्मक र सामाजिक विकास पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । उनीहरूलाई आफ्नो रुचि पहिचान गर्ने, साथीहरूसँग घुलमिल हुने, सिर्जनात्मक गतिविधिमा सहभागी हुने र आफ्ना भावना व्यक्त गर्ने अवसर चाहिन्छ । एसइईको तयारीका नाममा यी सबै पक्षलाई गौण बनाइँदा विद्यार्थीमा थकान, तनाव, चिडचिडापन र आत्मविश्वासमा कमी आउन सक्छ । अपेक्षित नतिजा प्राप्त नभएमा हीनताबोध र असफलताको अनुभूति अझ गहिरिन सक्छ । यसबाट परीक्षाप्रतिको मात्र होइन, समग्र सिकाइप्रतिको रुचि नै कमजोर हुने जोखिम बढ्दछ ।

बिहान ६ बजे विद्यालय पुगेका विद्यार्थी साँझ ६-७ बजे घर फर्किएपछि पनि टचुसन, गृहकार्य र अभिभावकको अपेक्षाको दबाबमा रहनुपर्ने अवस्था छ । उनीहरूको दिनचर्यामा आफ्ना लागि समय नै नहुने स्थिति सिर्जना भएको छ । बालबालिकाले विद्यालयमा बिताएको समयको मात्रा बढ्दैमा सिकाइको गुणस्तर बढ्छ भन्ने हुँदैन, बरु थकित मस्तिष्कले नयाँ कुरा ग्रहण गर्न र त्यसलाई दीर्घकालसम्म स्मरण गर्न कठिनाइ अनुभव गर्नसक्छ । त्यसैले पढाइको अवधि मात्र होइन, सिकाइको वातावरण, विश्राम र शिक्षण विधिको प्रभावकारितालाई पनि उत्तिकै महत्त्व दिनुपर्छ ।

जिपिएभन्दा महत्वपूर्ण जीवनोपयोगी सीप

एसइईमा चार जिपिए ल्याउने विद्यार्थी र नियमित तथा सन्तुलित अध्ययन गरेर ३.४५ आसपासको जिपिए प्राप्त गर्ने विद्यार्थीमध्ये माथिल्लो तहमा कसको उपलब्धि राम्रो हुन्छ भन्ने विषयमा पर्याप्त आधिकारिक अध्ययन भएको छैन । पंक्तिकारले भेटेका केही विद्यार्थीका अनुभवमा सन्तुलित ढंगले अध्ययन गरेका विद्यार्थीले कक्षा ११ र १२ मा पनि राम्रो प्रगति गरेको देखिएको छ । यद्यपि, यसलाई सबै विद्यार्थीमा लागू हुने निष्कर्ष मान्न मिल्दैन । यहाँ प्रश्न उच्च जिपिए प्राप्त गर्नु गलत हो भन्ने होइन, त्यसका लागि अपनाइने विधि र चुकाउनुपर्ने मूल्य कति उचित छ भन्ने हो ।

विद्यालय शिक्षाको उद्देश्य विद्यार्थीलाई परीक्षामा सफल बनाउनुमात्र होइन, जीवनका विविध चुनौती सामना गर्न सक्षम बनाउनु पनि हो । विषयवस्तुको ज्ञानसँगै समालोचनात्मक चिन्तन, सञ्चार सीप, सिर्जनात्मकता, सहकार्य, समस्या समाधान र निर्णय क्षमता विकास गर्नु शिक्षाको महत्त्वपूर्ण उद्देश्य हो । यी सीप निरन्तर अभ्यास, अनुभव, अन्तरक्रिया र स्वतन्त्र चिन्तनबाट विकास हुन्छन् । प्रश्नको उत्तर घोकाएर वा सम्भावित प्रश्नको अभ्यास गराएरमात्र यस्ता क्षमता विकास गर्न सकिँदैन । त्यसैले परीक्षाको नतिजालाई विद्यार्थीको सम्पूर्ण क्षमताको पर्याय बनाउनु शैक्षिक दृष्टिले उपयुक्त हुँदैन ।

विद्यार्थीलाई परीक्षाअघि विषयवस्तुको पुनरावृत्ति, अभ्यास, परामर्श र आवश्यक सहयोग उपलब्ध गराउनुपर्छ । सन्तुलित आहार, पर्याप्त निद्रा, शारीरिक व्यायाम र मानसिक विश्रामको व्यवस्था पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ तर तयारीको अर्थ बालबालिकालाई बिहानदेखि रातिसम्म कक्षाकोठामा थुन्नु होइन । उनीहरूको व्यक्तिगत आवश्यकता र क्षमतालाई ध्यानमा राखेर सीमित, उद्देश्यपूर्ण र प्रभावकारी अतिरिक्त कक्षा सञ्चालन गर्न सकिन्छ ।

एसइईलाई हाउगुजी नबनाइकनै नियमित पठनपाठन र शिक्षाको गुणस्तर सुधार गर्न सकिन्छ । यसका लागि विद्यार्थीमैत्री वातावरण बनाई गुणात्मक शिक्षालाई शिक्षण सिकाइ क्रियाकलापको उद्देश्य बनाउनुपर्छ । यस विषयमा विद्यालय व्यवस्थापन, शिक्षक र अभिभावक सबै जिम्मेवार छन् । विद्यालयले आफ्नो प्रतिष्ठालाई विद्यार्थीको जिपिएसँग मात्र जोड्नु हुँदैन । शिक्षकले घोकाइभन्दा बुझाइ र प्रयोगमा आधारित शिक्षणलाई प्राथमिकता दिनुपर्छ । अभिभावकले पनि छोराछोरीको क्षमताभन्दा बढी अपेक्षा राखेर उनीहरूलाई अनावश्यक दबाब दिनु हुँदैन । अरूका छोराछोरीले प्राप्त गरेको ग्रेडसँग आफ्ना बालबालिकाको तुलना गर्नुको सट्टा उनीहरूको व्यक्तिगत प्रगति, रुचि र सम्भावनालाई बुझ्नुपर्छ ।

स्थानीय तहले विद्यालयको समयतालिका, अतिरिक्त कक्षा सञ्चालन, विद्यार्थीको स्वास्थ्य र विद्यालयमा बिताउने समयका सम्बन्धमा स्पष्ट मापदण्ड बनाई नियमित अनुगमन गर्न आवश्यक छ । शिक्षा विकास तथा समन्वय एकाइ र सम्बन्धित नियामक निकायले पनि परीक्षाको नतिजालाई मात्र आधार बनाएर विद्यालयको गुणस्तर निर्धारण गर्ने प्रवृत्तिबाट माथि उठ्नुपर्छ । विद्यालयको मूल्यांकन गर्दा विद्यार्थीको सिकाइ उपलब्धि, व्यवहार, सिर्जनशीलता, जीवनोपयोगी सीप र मनोसामाजिक स्वास्थ्यलाई समेत समेट्नुपर्छ ।

विद्यालय बालबालिकाले ज्ञान आर्जन गर्ने, जिज्ञासा व्यक्त गर्ने, गल्तीबाट सिक्ने र आफ्नो व्यक्तित्व विकास गर्ने थलो हो । त्यहाँ उनीहरूले सुरक्षित, सम्मानित र उत्साहित महसुस गर्न पाउनुपर्छ । एसइई विविध कक्षाका परीक्षामध्ये एक परीक्षा अवश्य हो तर जीवनकै अन्तिम परीक्षा होइन । एउटा परीक्षाको नतिजाका लागि बाल्यावस्था र किशोरावस्थाका अमूल्य समय, स्वास्थ्य, सिर्जनशीलता र मानसिक शान्ति गुमाउनु उचित हुँदैन ।

शिक्षाको सफलता विद्यार्थी विद्यालयमा कति घण्टा बस्यो वा उसले कति जिपिए ल्यायो भन्ने कुरालेमात्र निर्धारण गर्दैन; उसले कति बुझ्यो, कस्ता सीप सिक्यो र जीवनप्रति कस्तो दृष्टिकोण निर्माण गऱ्यो भन्ने कुराले निर्धारण गर्छ । विद्यालयलाई सिकाइको आनन्दमय केन्द्र बनाउनुपर्छ ग्रेडको प्रतिस्पर्धामा बालबालिकालाई थकित पार्ने स्थल बनाउनु हुँदैन । शिक्षाका नाममा यातना होइन, सिकाइका लागि प्रेरणा र अवसर सिर्जना गर्नु नै विद्यालयको वास्तविक दायित्व हो । यस गम्भीर विषयमा सम्बद्ध पक्षले बेलैमा ध्यान दिनु आवश्यक छ । *रासस*

पाठक मञ्च

अस्वाभाविक मूल्यवृद्धि, सट्टेबाजी र संकटोन्मुख नेपाली अर्थतन्त्र

नेपालको बजारमा सुनचाँदी, घरजग्गा, सेयर र सवारीसाधनको अस्वाभाविक मूल्यवृद्धि तथा पछिल्लो समय आएको तीव्र गिरावटले सर्वसाधारणको पुँजी डुब्नुका साथै बैंक तथा वित्तीय संस्था र समग्र अर्थतन्त्र नै गम्भीर संकटमा फस्न थालेको छ । दलाल र व्यवसायीहरूले फैलाएको हल्ला तथा कृत्रिम मूल्यवृद्धिको चक्रमा फस्दा आमनागरिकदेखि वित्तीय क्षेत्रसम्मले ठूलो आर्थिक क्षति व्यहोर्नुपरेको यथार्थ अहिले सतहमा देखिएको छ ।

पछिल्लो समय सुनचाँदीको मूल्यमा भारी गिरावट आएसँगै बजारमा अस्थिरता बढेको छ । मंसिर ९ गते सुन तोलाको दुई लाख ४१ हजार ४०० र चाँदी ३४० रूपैयाँमा झरेको छ, जबकि भदौ १८ गते सुन ज्यालासहित करिब साढे तीन लाख र चाँदी १० हजार रूपैयाँसम्ममा किनबेच भएको थियो । विगतमा सुन तोलाको पाँच लाख र चाँदी १५ हजार रूपैयाँ पुग्ने हल्ला फिजाएर व्यवसायीहरूले सर्वसाधारणलाई किन्न प्रोत्साहित गरेका थिए । तर, अहिले मूल्य लगातार घट्दै जाँदा सुन तोलाको ५० हजार र चाँदी ५०० रूपैयाँदेखि हजार रूपैयाँसम्म झर्ने विश्लेषण हुन थालेको छ ।

पहिले जुनसुकै बेला किनिदिने बाचा गर्ने व्यवसायीहरू अहिले पैसा नभएको बहाना बनाउँदै पसल बन्द गरेर पन्छिन थालेका छन् । यसबाट महँगोमा सुनचाँदी किन्ने सर्वसाधारणले ठूलो रकम गुमाएका छन् भने सुन धितो राखेर ३१ खर्ब रूपैयाँ कर्जा प्रवाह गरेका बैंकहरूमासमेत धितो लिलाम गर्दा ऋण नउठ्ने जोखिम बढेको छ ।

सुनचाँदीजस्तै घरजग्गा क्षेत्रमा पनि दलालहरूले कृत्रिम मूल्यवृद्धि गरेर सर्वसाधारण र बैंकलाई डुबाएका छन् । रोपनीको १० हजार रूपैयाँ नपर्ने खेतीयोग्य, सरकारी, गुठी र सिमसार जग्गासमेत प्लटिङ गरी आनाकै करोडौंमा बेचियो । भक्तपुरको राधेराधे क्षेत्र यसको ज्वलन्त उदाहरण हो । पाँच दशकअघि बाह्रै महिना डुबानमा पर्ने सिमसार क्षेत्र रहेको उक्त ठाउँमा १५ तले भवन र भाटभटेनी सुपरमार्केट बनेपछि जग्गाको भाउ आनाको ६५ लाखदेखि करोडौं पुग्यो । तर, बर्खामा डुबान हुने र २०२१ सालको नापीमा सरकारी, गुठी तथा सिमसारमा रहेको तथ्य बाहिरिएपछि अहिले त्यहाँ किनबेच ठप्प भएको छ । यसले करोडौं ऋण लिएर घरजग्गामा लगानी गर्ने व्यक्तिसँगै बैंकहरूको अर्बौं लगानी जोखिममा पारेको छ ।

यता सेयरबजार र अटोमोबाइल क्षेत्रको अवस्था पनि उस्तै छ । १०० रूपैयाँमा निष्काशन भएका जलविद्युत् तथा बिमा कम्पनीका सेयर कृत्रिमरूपमा तीन हजार २८७ रूपैयाँसम्म पुऱ्याइयो, जुन घटेर २५ सय र १७ सयसम्म झरिसकेको छ । सेयर अझै घट्दै जाँदा व्यक्तिसँगै खर्बौं कर्जा लगानी गरेका बैंकहरू संकटमा पर्ने देखिन्छ । त्यस्तै, सामान्य कच्चा पदार्थबाट भारत र चीनमा बनेका सवारीसाधन अटो शोरुमहरूले दस गुणासम्म महँगोमा बेचेका छन् । स्वदेशमा पेट्रोल खानी नभएको र आगलागीजस्ता विपद्मा करोडौंका गाडी शून्य मूल्यमा झर्ने वास्तविकतालाई बीच आयातीत सवारीसाधनमा भइरहेको लगानीले अर्थतन्त्रलाई थप कमजोर बनाएको छ ।

अन्ततः घरजग्गा, गाडी, सेयर र सुनचाँदीमा भएको सट्टेबाजीपूर्ण लगानीले व्यक्ति, बैंक र मुलुकलै अर्थतन्त्रलाई धराशायी बनाएको छ । सरकारले अर्थतन्त्र सुधार्न ६४ वटा ऐन संशोधनको तयारी गरे पनि यातायात व्यवसायीदेखि विभिन्न संघसंस्थाले लुट मच्चाउन प्रयोग गरिरहेका संस्था ऐन, २०३४ र संस्था ऐन, २०१८ संशोधन गर्न चाहेको छैन । मूल कानुन नसच्याएसम्म र कृत्रिम मूल्यवृद्धिको बजार नसुधिएसम्म न राजस्व उठ्ने छ, न त अर्थतन्त्र नै चलायमान बन्ने छ ।

- **रूषा थापा**
भक्तपुर



खच्चडबाट ग्यास सिलिण्डर ढुवानी | सोलुखुम्बुको खुम्बु क्षेत्रमा खच्चडको माध्यमबाट ग्यास ढुवानी गरिँदै । सडक सञ्जाल नपुगेका लुक्लाभन्दा माथिल्लो क्षेत्रमा ग्यासदेखि अन्य उपभोग्य वस्तुहरूसमेत यसरी नै खच्चड वा भरियाले ढुहानी गर्ने गर्छन् । *तस्विर: रासस*

बागमती प्रदेशको आगामी १० वर्षको विकास खाका तयार गरिने

हेटौंडा– बागमती प्रदेश सरकारले प्रदेश स्थापनादेखि हालसम्म भएका कामको समीक्षा गरी आगामी १० वर्षको विकास खाका तयार गर्ने भएको छ । प्रदेश मन्त्रिपरिषद्को बिहीबार बसेको १८औं बैठकले मुख्यमन्त्रीको संयोजकत्वमा उच्चस्तरीय निर्देशक समिति गठन गर्ने निर्णय गरेको छ ।

बैठकका निर्णय सार्वजनिक गर्दै प्रदेश सरकारका प्रवक्ता एवं भौतिक पूर्वाधार विकासमन्त्री भरतबहादुर केसीले प्रदेशका १३ वटै जिल्ला, ११९ वटै स्थानीय तह र सबै वडामा प्रदेश सरकारको उपस्थिति, हालसम्म सम्पादन भएका काम तथा तिनको प्रभाववारे समीक्षा गरिने जानकारी दिए ।

समितिले प्रदेश स्थापनादेखि हालसम्म भएका कामको लेखाजोखा गरी आगामी १० वर्षका लागि रणनीतिक योजना तथा गुरुयोजना तयार गर्ने उनले बताए । बैठकले भोटेकोसीको बाढीबाट बाबु वा आमामध्ये कुनै एक अभिभावक गुमाएका बालबालिकालाई पनि अभिभावकत्व ग्रहण गरी अध्ययन तथा व्यवस्थापनको सुविधा उपलब्ध गराउने निर्णय गरेको छ । यसअघि प्रदेश सरकारले बाबु र आमा दुवै गुमाएका बालबालिकालाई मात्र यस्तो सुविधा उपलब्ध गराउने निर्णय गरेको थियो ।

त्यसैगरी, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन संशोधनसम्बन्धी विधेयक प्रदेशसभामा पेस गर्ने निर्णय बैठकले गरेको छ । स्थानीय सेवामा चौथो तहका कर्मचारीको पदपूर्ति गर्न सकिने व्यवस्था मिलाउन ऐन संशोधन गर्न लागिएको प्रवक्ता केसीले जानकारी दिए ।

पाँचौं तहदेखि मात्र पदपूर्तिका लागि विज्ञापन गर्ने विद्यमान व्यवस्थाका कारण स्थानीय तहमा अहेव, अनमी र असिस्टेन्ट सबइञ्जिनियरलगायत चौथो तहका जनशक्ति पदपूर्तिमा समस्या देखिएकाले ऐन संशोधन गर्न लागिएको उनले बताए ।

बैठकले प्रदेशमा व्यवस्थित बस्ती विकास तथा जग्गा एकीकरणका कार्यक्रम सञ्चालन गर्न बस्ती विकास तथा जग्गा एकीकरणसम्बन्धी ऐन, २०८३ तर्जुमाका लागि सैद्धान्तिक सहमति प्रदान गरेको छ । रामेछापको मन्थली नगरपालिका-६ मा निर्माण गरिने फोहोरमैला व्यवस्थापन केन्द्रका लागि आवश्यक जग्गा प्राप्त गर्न उक्त आयोजनालाई प्राथमिकताप्राप्त आयोजनाका रूपमा तोक्ने निर्णयसमेत बैठकले गरेको छ ।

प्रदेश सरकारले मालपोत कार्यालयको श्रेस्ता व्यवस्थापनलगायत कार्यका लागि विभिन्न संघीय कार्यालयलाई करिब चार करोड ७० लाख रूपैयाँ बजेट उपलब्ध गराउने निर्णय गरेको छ । घरजग्गा रजिस्ट्रेसन दस्तुरबाट संकलित राजस्व प्रदेश सरकारलाई समेत प्राप्त हुने भएकाले सम्बन्धित कार्यालयको व्यवस्थापनका लागि बजेट उपलब्ध गराउन लागिएको प्रवक्ता केसीले बताए ।

बैठकले पशु वधशाला र मासु जाँच ऐन, २०५५ को दफा ७ को उपदफा (१) बमोजिम प्रदेशका सबै जिल्लाका लागि मासु सुपरीवेक्षक तोक्ने तथा पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको छ ।

त्यस्तै, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयको कार्यबोझ व्यवस्थापन र कार्यसम्पादनलाई व्यवस्थित बनाउन ११औं तहको एक प्राविधिक पद थप गर्ने निर्णय भएको छ । उद्योग, पर्यटन तथा यातायात मन्त्रालयअन्तर्गत उद्योगतर्फका सचिव संघमा सरुवा भएपछि उक्त जिम्मेवारी साविककै सचिव दीपेन्द्र सुवेदीलाई दिने निर्णय बैठकले गरेको छ ।

बैठकले रिक्त सुपरिटेण्डेन्ट इञ्जिनियर पदमा तल्लो तहमा कार्यरत इञ्जिनियरलाई तथा प्रदेश निजामती किताबखानाको ११औं तहको निर्देशक पदमा तल्लो तहमा कार्यरत कर्मचारीलाई कायममुकायम मुकरर गर्ने निर्णयसमेत गरेको प्रवक्ता केसीले जानकारी दिए । *रासस*

अपांगता नीति निर्माण गर्दै कर्णाली सरकार

कर्णाली– कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयकी सचिव रोशनीकुमारी श्रेष्ठले प्रदेश सरकार अपांगता नीति निर्माणको पहलमा रहेको बताएकी छन् ।

राष्ट्रिय अपांग महासंघ कर्णाली प्रदेशले बिहीबार सुर्खेतको वीरेन्द्रनगरमा आयोजना गरेको 'कर्णाली प्रदेशका सरकारी पदाधिकारी तथा स्थानीय अपांगता समन्वयत समितिका सदस्यहरूका लागि अपांगता समावेशी विकास (डिड) सम्बन्धी अभिमुखीकरण कार्यक्रम'मा बोल्दै सचिव श्रेष्ठले अपांगता नीति निर्माण गर्न सरकारले लामो समयदेखि पहल गर्दै आएको र त्यसले अब छिट्टै सार्थकता पाउने बताइन् ।

उनले भनिन्, 'नेपाल संयुक्त राष्ट्रसंघको पक्ष राष्ट्र हो र यो आफ्नो प्रतिवेदनसहित महासंघको सभा र समितिमा सहभागी हुँदै आएको छ । अपांगतासम्बन्धी राष्ट्रिय नीति बनिसकेको, यद्यपि कर्णाली प्रदेश सरकार सो नीति निर्माणको पहलमा छ ।' अपांगता भएका व्यक्तिहरूको संवेदनशीलता, समस्या र आवश्यकतालाई प्राथमिकता राखेर काम गर्दै आएको उनले बताइन् ।

सचिव श्रेष्ठका अनुसार अपांगता भएका व्यक्तिको सेवामा सहजता ल्याउन प्रदेश सरकारले कर्णाली प्रदेश अस्पताल सुर्खेतमा दोभाषे व्यवस्थाको प्रक्रिया अगाडि बढाएको छ । दुर्घटना र विपद्का कारण अपांगताको दर बढ्दै गएको जनाउँदै उनले नीति निर्माणका सवालमा अपांगता भएकाभन्दा नभएकाले बुझ्न र त्यहीअनुसार नीति तर्जुमा गर्न जरुरी रहेको औंल्याइन् ।

वीरेन्द्रनगर नगरपालिकाका उपप्रमुख नीलकण्ठ खनालले अपांगता भएका व्यक्तिको क्षेत्रमा हिजोभन्दा आज केही भएको तर जति गर्नुपर्ने त्यति नभएको बताए । अपांगता क्षेत्रमा अपेक्षित बजेट विनियोजन हुन नसकेको धारणा राख्दै उनले सडकलगायतका भौतिक पूर्वाधारमा सबैले पहुँच राख्ने भएकोले त्यसमा सहज हुन सकेमा धेरै समस्याहरू विस्तारै कम हुँदै जाने दाबी गरे । राष्ट्रिय अपांग महासंघ कर्णाली प्रदेशका अध्यक्ष नन्दराज धितालले बोल्न नसक्नेहरूको हकमा राज्य बोल्नुपर्ने धारणा राखे ।

'नीतिले व्यवस्था गरेका कुरा कार्यान्वयनमा ल्याइदिएमात्र अपांगता भएका व्यक्तिको सवालमा धेरै ठूलो काम हुन्छ,' उनले भने, 'यसका लागि सबै सरकोरवालाहरू सकारात्मक र जिम्मेवार हुनैपर्छ ।'

मन्त्रालयका शिक्षा तथा सामाजिक विकास महाशाखाका प्रमुख सुवर्णकुमार खड्काले समावेशी विकासमा मन्त्रालयले हालसम्म गरेका कामका बारेमा प्रस्तुति राख्दै अपांगता भएका व्यक्तिहरूका लागि समावेशी शिक्षा आवश्यक भएको बताए । नयाँ बनेका संरचना पहुँचयोग्य बने पनि कर्णालीमा सबै भौतिक संरचनाहरू अपांगमैत्री र पहुँचयोग्य हुन नसकेकोले अब बन्ने नीतिले सम्बोधन गर्ने धारणा राखे ।

राष्ट्रिय अपांग महासंघ कर्णाली प्रदेशका प्रदेश व्यवस्थापक आनन्द विष्टले महासंघले नीति क्षेत्रमा गरेको पैरवी, बजेट निर्माण, कार्यान्वयन र भएका अभ्यास तथा प्रयासका साथै आगामी दिनमा गर्नुपर्ने कामका बारेमा प्रस्तुति राखे । *रासस*

नाका सञ्चालन गर्न ओलाङ्चुङगोलावासीको माग

ताप्लेजुङ– जिल्लाको फक्ताङलुङ गाउँपालिका-७ ओलाङ्चुङगोलाका स्थानीयवासीले टिपताला नाका सञ्चालन तथा सीमापास परिचयपत्र प्राप्ति र नवीकरणमा सहजीकरण गर्न सरकारसँग माग गरेका छन् ।

ओलाङ्चुङगोला पुगेका जिल्ला सुरक्षा अधिकारीहरूसँगको छलफलका क्रममा स्थानीयवासीले नाका सञ्चालन, अन्तरदेशीय सामानको आयात-निर्यात तथा सीमापास परिचयपत्रसम्बन्धी प्रक्रिया सहज बनाउन ध्यानाकर्षण गराएका हुन् । वडाध्यक्ष छेतेन वालुङ शेर्पाको समन्वयमा सुरक्षा अधिकारीहरूको टोलीले स्थानीयवासीसँग छलफल गरेको थियो ।

स्थानीयवासीले ओलाङ्चुङगोलादेखि ताप्लेजुङ सदरमुकाम फुङ्लिङ जोड्ने सडक निर्माण सम्पन्न गरी टिपताला नाका तत्काल सञ्चालनमा ल्याउन सरकारको ध्यानाकर्षण गराएका छन् । नेपाल, भारत र चीनलाई जोड्ने रणनीतिक महत्त्वको तमोर करिडोरअन्तर्गत सुभाडखोला-दोभान-ओलाङ्चुङगोला सडक निर्माण कार्य चाँडो सम्पन्न गर्न पनि उनीहरूले सरकारको ध्यानाकर्षण गरेका छन् ।

ओलाङ्चुङगोलामा उत्पादन हुने दुग्धजन्य वस्तु तथा जडीबुटी चीन निर्यात गर्ने र तिब्बतबाट खाद्यान्नलगायत आवश्यक सामग्री आयात गर्ने वातावरण बनाउन सरकारले विशेष पहल गर्नुपर्ने आवश्यकता रहेको स्थानीय नुपु शेर्पाले बताए ।

त्यस्तै, स्थानीयवासीले सीमापास परिचयपत्रको नवीकरण अवधि पाँच वर्ष कायम गर्नसमेत माग गरेका छन् । स्थानीयका मागबारे प्रमुख जिल्ला अधिकारी उमेशकुमार दाहालले आफ्नो क्षेत्राधिकारभित्र पर्ने समस्याहरू तत्काल सम्बोधन गर्ने र माथिल्लो निकायबाट निर्णय हुनुपर्ने विषय सम्बन्धित निकायमा पठाउने प्रतिबद्धता व्यक्त गरे ।

सीमा सुरक्षालगायतका विषयमा जानकारी लिनेलगायतका कामका लागि प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा सुरक्षा अधिकारीहरूको टोली ओलाङ्चुङगोला पुगेको थियो । कोभिड महामारी सुरु भएयता यहाँका बासिन्दाले स्थानीय उत्पादन चीन निर्यात गर्न पाएका छैनन् । त्यसैगरी, चीनबाट खाद्यान्नलगायत दैनिक उपभोग्य सामग्री आयात गर्ने प्रक्रिया पनि अवरुद्ध छ । *रासस*

आदिवासी समुदायको पुर्ख्यौली थातथलोमा आयोजना सञ्चालन गर्दा पूर्वसहमति अनिवार्य गर्न निर्देशिका



■ प्रभाव संवाददाता

ललितपुर- आदिवासी जनजाति समुदायको पुर्ख्यौली थातथलोमा विकास आयोजना वा गतिविधि सञ्चालन गर्नुअघि सम्बन्धित समुदायको स्वतन्त्र, पूर्वसूचित सहमति अनिवार्य गर्ने राष्ट्रिय निर्देशिका सार्वजनिक गरिएको छ ।

आदिवासी जनजाति आयोग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र नेपाल आदिवासी जनजाति महासंघले बिहीबार संयुक्त रूपमा 'आदिवासी जनजाति समुदायको स्वतन्त्र, पूर्वसूचित सहमति कार्यान्वयन राष्ट्रिय निर्देशिका, २०८३' सार्वजनिक गरेका हुन् ।

आयोगका अध्यक्ष रामबहादुर थापा मगरले निर्देशिकाअनुसार सम्बन्धित समुदायको सहमतिविना सरकारी, गैरसरकारी तथा बहुराष्ट्रिय कम्पनीले उनीहरूको थातथलोमा आयोजना सञ्चालन गर्न नपाउने बताए । निर्देशिकामा आयोजना निर्माणअघि प्रभावित समुदायका प्रतिनिधिको सहभागितामा नक्सांकन गर्नुपर्ने, सम्भावित लाभ र हानिबारे स्पष्ट जानकारी दिनुपर्ने तथा समुदायले आयोजना अस्वीकार गर्न सक्ने व्यवस्था छ। सहमति दिने वा नदिने अन्तिम अधिकार सम्बन्धित समुदायको प्रथाजन्य संस्थामा रहने छ ।

सरकार संलग्न आयोजनामा सरकार, लगानीकर्ता र प्रभावित समुदायबीच त्रिपक्षीय करार गर्नुपर्ने तथा सहमति प्राप्त भइसकेपछि पनि प्रतिकूल असर देखिए आयोजना स्थगन गर्न सकिने व्यवस्था निर्देशिकामा समेटिएको छ । सहमति प्रक्रियाको सम्पूर्ण खर्च सम्बन्धित आयोजनाले व्यहोर्नुपर्ने छ ।

निर्देशिका कार्यान्वयनका लागि राष्ट्रिय सहजीकरण संयन्त्र गठन गर्ने प्रस्ताव गरिएको छ । कार्यान्वयनका क्रममा उत्पन्न विवाद तथा गुनासो आदिवासी जनजाति आयोगले सुन्ने व्यवस्था पनि गरिएको छ ।

आयोगका अध्यक्ष मगरले अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ र आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रमा उल्लिखित अधिकार कार्यान्वयनका लागि निर्देशिका आवश्यक भएको बताए । उनले यसलाई सरकारी दस्तावेजका रूपमा कार्यान्वयन गर्न आवश्यक कानुन निर्माण तथा संशोधन गर्न सरकारसँग आग्रह गरे ।

बहराइनमा रोजगार कम्पनी : SEOUL RESTAURANT WLL

पूर्व स्वीकृति मिति : २०८३/०४/२५ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०८/१० | LT. No. 346350 | चलानी नं. ६०२५९५८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब BD	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Restaurant (Kitchen Helper)	2	0	130	५०,८७८	क.नि. अनुसार	८	६	क.नि. अनुसार	छ	छैन	२ वर्ष
2.	Waitress	3	5	130	५०,८७८							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १८ गते (4th Dec. 2026) मा हुनेछ ।

रहदेखा अरिब हि मेडिकल खर्च गराउने भर्ने र गरि नर्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	रहदेखा अरिब बिमा खर्च गराउने व्यक्तिले व्यहोर्ने र गरि लाग्ने	रोजगारमा बिमा हुने/नहुने र गराउने व्यहोर्ने	हवाई टिकट गराउने दिने र गरि लाग्ने	भिषा शुल्क गराउने दिने र गरि लाग्ने	सामाजिक सुरक्षा कोष गराउने दिने र गरि लाग्ने (तलबसरह)	कल्याणकारी कोष सम्बन्धि रहस्यता	सेवा शुल्क	अभिमुखिकरण शुल्क गरि लाग्ने र गराउने व्यहोर्ने	बिमा रकमिय शुल्क गराउने व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९८/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	निःशुल्क	रु. ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट सरदृष्टको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली दूतावासमा सम्पर्क राख्नुहोला र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहत्तालमा सम्पर्क राख्नुहोला ।

K & C International Pvt. Ltd
Govt. Reg. No. 699/063/064
Lazimpat-2, Kathmandu, Nepal, Dinesh Thapa 9841682307, Tel: +977-1-4440633

ओमनमा रोजगार कम्पनी : AHMED ALMASKARI FOR TRADING

पूर्व स्वीकृति मिति : २०८३/०८/१० | LT. No. 351012 | चलानी नं. ६०२६३९८८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब OR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	COFFEE AND TEA MAKER	1	0	150	५७,४००	क.नि. अनुसार	८	६	क.नि. अनुसार	छ	छैन	२ वर्ष
2	BARISTA	1	0	150	५७,४००							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १८ गते (4th Dec. 2026) मा हुनेछ ।

रहदेखा अरिब हि मेडिकल खर्च गराउने भर्ने र गरि नर्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	रहदेखा अरिब बिमा खर्च गराउने व्यहोर्ने र गरि लाग्ने	रोजगारमा बिमा हुने/नहुने र गराउने व्यहोर्ने	हवाई टिकट गराउने दिने र गरि लाग्ने	भिषा शुल्क गराउने दिने र गरि लाग्ने	सामाजिक सुरक्षा कोष गराउने दिने र गरि लाग्ने (तलबसरह)	कल्याणकारी कोष सम्बन्धि रहस्यता	सेवा शुल्क	अभिमुखिकरण शुल्क गरि लाग्ने र गराउने व्यहोर्ने	बिमा रकमिय शुल्क गराउने व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९८/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	निःशुल्क	रु. ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट सरदृष्टको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली दूतावासमा सम्पर्क राख्नुहोला र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहत्तालमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४ | Gairigaun - Tinkune, Kathmandu, Nepal, Contact No. 9813048932 (Abdullah) , E-mail : alkausar.hrm@gmail.com

कतारमा रोजगार कम्पनी : AL MAKKI REAL ESTATE AND CONTRACTING WLL

पूर्व स्वीकृति मिति : २०८३/०८/१० | LT. No. 351003 | चलानी नं. ६०२६३८९४

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	General Electrical Tech	2	0	1500	६०,६८१	क्.नि. अनुसार	८ घण्टा	६ दिन	क्.नि. अनुसार	छ	छैन	२ वर्ष
2.	Labor Foreman	1	0	2500	१,०१,१३५							
3.	Office Worker	1	0	1500	६०,६८१							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १८ गते (4th Dec. 2026) मा हुनेछ ।

रहदेखा अरिब हि मेडिकल खर्च गराउने भर्ने र गरि नर्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	रहदेखा अरिब बिमा खर्च गराउने व्यहोर्ने र गरि लाग्ने	रोजगारमा बिमा हुने/नहुने र गराउने व्यहोर्ने	हवाई टिकट गराउने दिने र गरि लाग्ने	भिषा शुल्क गराउने दिने र गरि लाग्ने	सामाजिक सुरक्षा कोष गराउने दिने र गरि लाग्ने (तलबसरह)	कल्याणकारी कोष सम्बन्धि रहस्यता	सेवा शुल्क	अभिमुखिकरण शुल्क गरि लाग्ने र गराउने व्यहोर्ने	बिमा रकमिय शुल्क गराउने व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९८/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	निःशुल्क	रु. ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट सरदृष्टको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली दूतावासमा सम्पर्क राख्नुहोला र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहत्तालमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT H.R. PVT LTD
Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

कतारमा रोजगार कम्पनी : Frequency Trading And Contracting And Services

पूर्व स्वीकृति मिति : २०८३/०८/०९ | LT. No. 350952 | चलानी नं. ६०२६३८९४

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Worker	3	0	1200	४८,६६५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छैन	२ वर्ष
2.	Cleaner	3	0	1100	४४,६०९							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १८ गते (4th Dec. 2026) मा हुनेछ ।

रहदेखा अरिब हि मेडिकल खर्च गराउने भर्ने र गरि नर्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	रहदेखा अरिब बिमा खर्च गराउने व्यहोर्ने र गरि लाग्ने	रोजगारमा बिमा हुने/नहुने र गराउने व्यहोर्ने	हवाई टिकट गराउने दिने र गरि लाग्ने	भिषा शुल्क गराउने दिने र गरि लाग्ने	सामाजिक सुरक्षा कोष गराउने दिने र गरि लाग्ने (तलबसरह)	कल्याणकारी कोष सम्बन्धि रहस्यता	सेवा शुल्क	अभिमुखिकरण शुल्क गरि लाग्ने र गराउने व्यहोर्ने	बिमा रकमिय शुल्क गराउने व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९८/- कामदार आफैले	रु. १,२००/- कामदार आफैले	निःशुल्क	रु. ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट सरदृष्टको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली दूतावासमा सम्पर्क राख्नुहोला र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहत्तालमा सम्पर्क राख्नुहोला ।

Elite Gurkhas Overseas Pvt. Ltd.
श्रम इजाजत नं.५४५/०७१/०७२
Gongabu Townplanning-26 Kathmandu, Nepal, Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com

कतारमा रोजगार कम्पनी : BROXOL CLEANING AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८३/०८/१० | LT. No.350197 | चलानी नं. ६०२६३९८०

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Waiter	0	3	1700	६८,७७१	क.नि. अनुसार	८	६	क.नि. अनुसार	छ	छैन	२ वर्ष
2	ALL VEHELICLS DRIVER	1	0	2200	८८,९९८							
3	SUPERVISOR / GENERAL	0	1	2600	१,०५,१७८							
4	Office Cleaner	5	3	1000	४०,४५३							
5	Cleaners (Public Areas)	3	5	1000	४०,४५३							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १८ गते (4th Dec. 2026) मा हुनेछ ।

रहदेखा अरिब हि मेडिकल खर्च गराउने भर्ने र गरि नर्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	रहदेखा अरिब बिमा खर्च गराउने व्यहोर्ने र गरि लाग्ने	रोजगारमा बिमा हुने/नहुने र गराउने व्यहोर्ने	हवाई टिकट गराउने दिने र गरि लाग्ने	भिषा शुल्क गराउने दिने र गरि लाग्ने	सामाजिक सुरक्षा कोष गराउने दिने र गरि लाग्ने (तलबसरह)	कल्याणकारी कोष सम्बन्धि रहस्यता	सेवा शुल्क	अभिमुखिकरण शुल्क गरि लाग्ने र गराउने व्यहोर्ने	बिमा रकमिय शुल्क गराउने व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९८/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	निःशुल्क	रु. ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट सरदृष्टको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली दूतावासमा सम्पर्क राख्नुहोला र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहत्तालमा सम्पर्क राख्नुहोला ।

**Diamond International Overseas Pvt.

प्रभाव दैनिक

रूपशाला

पूजा र अशोकको 'सेतो कोट' को छायांकन सुरू

चलचित्र 'सेतो कोट' को छायांकन सुरू भएको छ । कीर्तिपुर स्थित त्रिभुवन विश्व विद्यालयको प्रांगणमार्फत फिल्मको छायांकन सुरू गरिएको हो । निर्माण टिमले क्यामेरा पूजा गर्दै छायांकन सुरू गरेको हो । पूजा शर्माको पहिलो सट लिँदै छायांकन सुरू गरेको फिल्मको छायांकन काठमाडौँ र मकवानपुरमा हुने छ । मिनु शर्मा प्रोडक्सनको प्रस्तुति, शिवम अधिकारीको लेखन तथा निर्देशनमा बन्ने फिल्मको छायांकन पुसको पहिलो सातामा सकिने छ । मिनु शर्मा प्रोडक्सनको ब्यानरमा निर्माण हुने चलचित्रका निर्माता मिनु शर्मा 'सपना' तथा सन्देश थापा 'काजी' रहेका छन् भने कार्यकारी निर्माता फणीन्द्र तामाङ हुन् ।



शुक्रबार, ११ मंसिर २०८३ (Friday, 27 November 2026)

'सिन्दुरे जात्रा' ट्रेलर लक्ष्मीको प्रेमलाई कसले राख्यो दाउमा

■ प्रभाव संवाददाता



काठमाडौं– 'पूर्णबहादुरको सारंगी' फेम निर्देशक सरोज पौडेल निर्देशित नयाँ सिनेमा 'सिन्दुरे जात्रा'को ट्रेलर सार्वजनिक भएको छ । निर्माण टिमले विहीबार बिग मुभिजमा एक कार्यक्रमको आयोजना गर्दै चार मिनेटको ट्रेलर सार्वजनिक गरेको हो ।

सार्वजनिक ट्रेलरमा प्रेममा कौडाका कारण उत्पन्न हुने परिस्थितिमा उनीहरूको प्रेमले भोग्ने नियतिको कथा सिनेमाले बोल्ने देखाइएको छ ।

'परिणय ड्रामा' जनारामा बनेको सिनेमाले तात्कालिन समयमा नेपाली समाजमा पुरुषको अहममा महिला कसरी पितृसत्ताको नियम र नतिजा भोग्न विवश थिए भन्ने कुरालाई सिनेमाले प्रस्तुत गर्ने बुझ्न सकिन्छ ।

ट्रेलरमा अभिनेता विनोद न्यौपानेको 'डिल्लीराम' पात्र प्रेमकथाको प्रमुख बाधकका रूपमा देखिएका छन् । विजय बरालले 'बाबुराम' र अञ्जना बराइलीले 'लक्ष्मी'को भूमिका निर्वाह गरेका छन् । यी दुई पात्रको प्रेममा डिल्लीरामले सिर्जना गर्ने अवरोधले कथालाई कस्तो मोडमा पुऱ्याउँछ भन्ने कौतूहल ट्रेलरले जगाएको छ ।

'पूर्णबहादुरको सारंगी'बाट दर्शकमाझ स्थापित भएको विजय बराल र निर्देशक पौडेलको पुनः सहकार्यलाई पनि फिल्मको महत्वपूर्ण पक्षका रूपमा हेरिएको छ । यसपटक उनीहरूले फरक परिवेश र समयको कथा लिएर दर्शकमाझ आउने तयारी गरेका छन् ।

सिनेमा मंसिर १८ गते सार्वजनिक प्रदर्शनमा आउँदैछ । फिल्मको यसअघि सार्वजनिक टिजर तथा गीतले दर्शकको मन जितिसकेको र 'पूर्णबहादुरको सारंगी' फेम कलाकार र निर्देशकको दोश्रो टिमअपले दर्शकलाई नयाँ कथा प्रस्तुत गर्ने ट्रेलर स्पष्ट पारेको छ ।

सबिन अधिकारी र वसन्त न्यौपानेको लेखन रहेको फिल्मको कथा निर्देशक पौडेल स्वयंले लेखेका हुन् ।

'सिन्दुरे जात्रा'मा विजय, अञ्जना र विनोदका अलावा उषा खड्गी, रामप्रसाद खनाल, लोकेन्द्र लेखक, कमलमणि नेपाल, भोलाराज सापकोटा, हिउँवाला गौतम, राज कटुवाल, राकेश खड्का, युना खड्का, अनिता गिरी, रजनी गुरुङ, देशभक्त खनाल र विनोद परियारलगायत कलाकारको अभिनय छ ।

सारंगी फिल्म्सको प्रस्तुतिमा निर्माण भएको फिल्मका निर्माता नेम महर्जन हुन् । राकेश खड्का र श्याम मगर सह-निर्माता, सुमन रञ्जित एसोसिएट निर्माता तथा अनिश अधिकारी लाइन निर्माता छन् । दिनेश खड्का कार्यकारी निर्माता रहेको फिल्ममा पदमबहादुर श्रेष्ठ (बाबु)को छायांकन, सुरेन्द्र पौडेलको सम्पादन र विशाल धिमिरेको क्रिएटिभ निर्देशन छ । फिल्ममा प्रशान्त सिवाकोटीको संगीत रहेको छ ।

यसअघि सार्वजनिक टिजर र गीतबाट चर्चा बटुलेको 'सिन्दुरे जात्रा' मंसिर १८ गतेदेखि देशभर प्रदर्शनमा आउनेछ । फिल्मको वितरण नेसनल सिने ग्रुप नेपालले गर्दैछ भने बिग मुभिज थिएटर पार्टनर र ओएसआर डिजिटल डिजिटल पार्टनरका रूपमा जोडिएका छन् ।

रंगशाला

१०औं राष्ट्रिय खेलकुद

टेनिसको महिला डबल्स र मिक्स्ड डबल्स दुवैको स्वर्णमा आर्मीको दाबेदारी

■ प्रभाव संवाददाता

काठमाडौं– गण्डकी प्रदेशका प्रदीप खड्का र करणबहादुर थापा तथा नेपाली सेनाको त्रिभुवन आर्मी क्लबका प्रणव खनाल र बागमती प्रदेशका निसान श्रेष्ठले १०औं राष्ट्रिय खेलकुदअन्तर्गत टेनिसको पुरुष एकलमा सेमिफाइनल यात्रा तय गरेका छन् ।

बर्दियाको गुलरियामा जारी टेनिस प्रतियोगिताको क्वार्टरफाइनलमा बिहीबार प्रदीपले गैह्र आवासीय नेपाली संघ (एनआरएनए)का रेन्जेन लामालाई ६-४, ६-२ को सोझो सेटमा निराश पार्दै अन्तिम चारको यात्रा पक्का गरे ।

गण्डकीकै करणबहादुरले सेमिफाइनल यात्राका लागि आर्मीका प्रतिद्वन्द्वी रावजीर प्रधानलाई ६-४, ६-२ कै नतिजामा पराजित गर्दा आर्मीका प्रणवले बागमतीका प्रितम परियारलाई ६-१, ६-० को नतिजामा हराएका थिए । निसानले चाँही एनआरएनएका असभसम्राट हाडालाई ६-३, ६-२ को सोझो सेटमा हराउँदै सेमिफाइनलमा स्थान पक्का गरे ।

महिला एकलतर्फ बागमतीकी प्रकृति श्रेष्ठले सशस्त्र प्रहरी बलको एपिएफकी संवृद्धि महर्जनलाई ६-३, ६-४ को सोझो सेटमा पराजित गर्दै सेमिफाइनलको यात्रा तय गरिन ।

यसैगरी महिला डबल्समा आर्मीका सिभाली गुरुङ र स्वस्तिका बष्टिको जोडीले एपिएफका इन्द्रकला श्रेष्ठ र भगवती बिकको जोडीलाई ६-१, ६-० को सोझो सेटमा हराउँदै फाइनलमा स्थान सुरक्षित गरे ।

महिला डबल्सको उपाधिका लागि फाइनलमा आर्मीको जोडीले बागमतीका प्राज्ञा मानन्धर र प्रकृति श्रेष्ठको जोडीसँग प्रतिस्पर्धा गर्नेछन् । प्राज्ञा र प्रकृतिले बिहीबारको सेमिफाइनलमा गण्डकीका आरुषी तुलाचन र आहाना शेरचनको जोडीमाथि ६-०, ६-० को प्रभावशाली जित दर्ता गराएका थिए ।

यसैगरी मिक्स्ड डबल्सको उपाधिका लागि गण्डकीका शक्ति शर्मा र आहाना शेरचनको जोडीले आर्मीका स्वस्तिका बिष्ट र प्रणव खनालको जोडीसँग फाइनलमा प्रतिस्पर्धा गर्ने भएका छन् ।

बिहीबारको सेमिफाइनलमा शक्ति र आहानाको जोडीले सुदूरपश्चिमका महेन्द्रबहादुर साउद र आश्मी धामीको जोडीलाई ६-१, ६-४ तथा स्वस्टिका र प्रणवको जोडीले एपिएफका देवआशिष रेउले र संवृद्धि महर्जनको जोडीलाई ६-२, ६-३ को नतिजामा पराजित गरेका थिए ।

महिला क्रिकेटमा बागमती सेमिफाइनलमा

बागमती प्रदेशले १०औं राष्ट्रिय क्रिकेट प्रतियोगिको सेमिफाइनलमा स्थान बनाएको छ । यसअघि सुदूरपश्चिम प्रदेशलाई हराएको बागमतीले गण्डकीलाई पनि ८ विकेटले पराजित गर्दै लगातार दोस्रो जित निकालेको हो ।

टस जितेर पहिले ब्याटिङ गरेको गण्डकीले निर्धारित ओभरमा सबै विकेट गुमाएर ११० रन बनाएको थियो । गण्डकीका लागि ओपनर आयुष्मा चापागाईंले सर्वाधिक २१ रन बनाइन् । चन्द्रमाया बराल र सिर्जना पौडेलले समान १७ रन जोडे ।

त्यस्तै सलिना सेनले नौ, सेरिना थापाले आठ, कप्तान कुसुम गोदारले सात, सिमाना केसीले पाँच, रञ्जना साउँदलले दुई तथा यशोदा भुजेल र रेखा तामाङले समान एक रन बनाए ।

१११ रनको लक्ष्य पछ्याएको बागमतीले १७.५ ओभरमा दुई विकेट गुमाएर पूरा गऱ्यो । बागमतीको जितमा विपिशा शाहीले अविजित ५० रनको योगदान दिइन् । ४६ बलको सामना गरेकी उनले छ चौका प्रहार गरिन् ।

ओपनर हिलिशा गुरुङले २७ र कञ्चन श्रेष्ठले नौ रन बनाए । दुवै खेलाडी रनआउट भएका थिए । लक्ष्मीमाया रुम्बा लामाले अविजित १३ रन जोडिन् ।

एपीएफसँग मधेश पराजित

सशस्त्र प्रहरी बलको एपिएफ क्लबले १०औं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत पुरुष फुटबलको दोस्रो खेलमा मधेस प्रदेशलाई ३-१ गोलले पराजित गरेको छ । पहिलो खेलमा सुदूरपश्चिम प्रदेशलाई हराएको मधेस दोस्रो खेलमा एपिएफसँग पराजित भएको हो ।

एपिएफका लागि युवराज खड्काले खेलको ३०औं मिनेटमा पहिलो गोल गरे । पहिलो हाफको अतिरिक्त समयमा समुन श्रेष्ठले ४७औं मिनेटमा गोल गर्दै टोलीको अग्रता दोब्बर बनाए । दोस्रो हाफको अतिरिक्त समयको ९८औं मिनेटमा डिसन राईले गोल थपेपछि एपिएफको जित सुनिश्चित भएको थियो ।

मधेसका दीपेन्द्र विकले दोस्रो हाफको अतिरिक्त समयको ९२औं मिनेटमा एक गोल फर्काए । खेलको ६७औं मिनेटमा मधेसका गोलरक्षक युनिस चौधरीले डी एरियाबाहिर हातले बल छोएपछि रातो कार्ड पाउँदै मैदान छाड्नुपरेको थियो । त्यसपछि मधेस १० खेलाडीमा सीमित भएको थियो । खेलमा एपिएफका सन्तोष खत्री तथा मधेसका क्षितिज भण्डारी र हेमन्त भुजेलले पहँलो कार्ड पाए ।

समूहमा दुई खेल खेलेको मधेसले एक खेलमा जित र अर्कोमा हार बेहोरेको छ । अब एपिएफ र सुदूरपश्चिमबीचको खेलको नतिजाले मधेस अर्को चरणमा पुग्ने वा नपुग्ने टुंगो लाग्ने म्याच कमिसनर वीरेन्द्र पाण्डेले बताए ।

प्रतियोगिताअन्तर्गत शुक्रबार दुई खेल हुनेछन् । बिहान ९ बजे लुम्बिनी प्रदेश र कोशी प्रदेशबीच प्रतिस्पर्धा हुनेछ भने दिउँसो २:३० बजे बागमती प्रदेश र नेपाली सेनाको त्रिभुवन आर्मी क्लब आमनेसामने हुनेछन् ।

कतारमा रोजगार कम्पनी : MURALI BHANSA GHAR RESTAURANT

पूर्व स्वीकृति मिति : २०८३/03/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/१० | LT. No. 344724 | चलानी नं. ६०२५८०२४

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Purchase Representative	1	0	2300	९३,०८३	कम्पनी अनुसार	12hrs	६ दिन	कम्पनी अनुसार	छ		२ वर्ष
2	Foreman	1	0	2500	१,०१,१३८							
3	Accountant	1	0	3600	१,४५,६३३							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १८ गते (4th Dec. 2026) मा हुनेछ ।

रहदेशमा आउँदा पि.मेडिकल खर्च कसले व्यहोर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदेशमा आउँदा बिमा खर्च कसले व्यहोर्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिसा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (रसस्रसफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिसा रडाप्पिड शुल्क कसले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	८.२५९ - कामदारले तिर्ने	९. १,२००/- कामदार आफैले	निःशुल्क	९.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट वरदृष्टको जानकारी: १) आफ्नो नाममा बिमा प्राप्त भई जाने निश्चित आएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २। आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सोधना राख्नुहोला । आफू कार्टनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३। यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४। विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५। विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । ६। काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७। यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहतापनमा सम्पर्क गर्नुहोला ।

NEW CENTURY INTERNATIONAL RECRUITMENT PVT.LTD.
KMC-09, Sinamangal, Kathmandu, Nepal, Contact No. 9716586928, 971633610, 971-2036986
